## नेपाली राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।


# लिम्चुङबुङको सेरोफेरो

## स्थानीय पाठ्यक्रम: आधारभूत तह (कक्षा १-५)

## २०७८







## लिम्चुङबुङ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

उदयपुर, प्रदेश नं. १, नेपाल

# लिम्चुङबुङको सेरोफेरो

## स्थानीय पाठ्यक्रमः आधारभूत तह (कक्षा १-५)

२०७८

## लिम्चुङबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
उदयपुर, प्रदेश नं. १, नेपाल

**प्रमुख संरक्षक:**
श्री मेजर कुमार राई, गाउँपालिका अध्यक्ष

**संरक्षक:**
श्री पुष्पलाल राई, गाउँपालिका उपाध्यक्ष

**सल्लाहकार:**
श्री भक्त बहादुर राई, प्रमुख प्रशासकीय अधिकृत
श्री जितेन राई, सामाजिक विकास समिति संयोजक
श्री ताराकिरण राई, आर्थिक प्रशासन शाखा प्रमुख
श्री बिनोद राई, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**प्रविधिक सहयोग:**
प्रेम भट्टराई, पाठ्यक्रम विकास केन्द्र

**पाठ्यक्रम निर्माण कार्यदल:**

| | |
|---|---|
| श्री बिश्वराम राई | : संयोजक |
| श्री मान बहादुर कार्की | : सदस्य |
| श्री शिबराम राई | : सदस्य |
| श्री सोनिया लिम्बु | : सदस्य |
| श्री ज्ञान बहादुर राई | : सदस्य |

**विशेष सहयोगी:**
श्री कन्चन दाहाल
श्री भेषजङ्ग थापा
श्री भुपेन्द्र कार्की


| | |
|---|---|
| प्रकाशक | : लिम्चुङबुङ गाउँपालिका<br>उदयपुर, प्रदेश नं. १, नेपाल |
| © सर्वाधिकार | : प्रकाशकमा |
| गाउँकार्यपालिकाको मिति | : २०७९।०३।०८ बैठकबाट स्वीकृत |
| प्रथम पटक प्रकाशन | : वि.सं. २०७९ |
| मुद्रण प्रति | : २५० |
| सेटिङ | : एच्के किरात |
| मुद्रक | : लक्ष्मी अफसेट प्रेस गाईघाट, उदयपुर |



लिम्चुङबुङ गाउँपालिकाको लिखित स्वकृति बिना ब्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेरा प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य तरिकाले रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# शुभकामना



परिवर्तित राजनैतिक एवं प्रशासनिक परिवर्तन अनुसार सङ्घीय संरचना अन्तर्गत अभिभावक, स्थानीय विज्ञ, शिक्षक तथा अन्य सरोकारवालाहरुको सहभागितामा स्थानीय पाठ्यक्रमको विकास गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारहरुलाई हस्तान्तरण गरिएको छ ।

यसै सन्दर्भमा लिम्चुङबुङ गाउँपालिकाका आधारभूत तहका विद्यालहरुमा अध्ययनरत बालबालिकाहरुको ज्ञान, सीप र क्षमताको अभिवृद्धि गर्दै स्थानीय सम्भावनाहरुको बारेमा जानकारी साथै स्थानीय सामाजिक, आर्थिक अवस्थाको आधारभूत तहबाटै स्थानीयकरण गर्ने ध्येयले लिम्चुङबुङ गाउँपालिकाले स्थानीय पाठ्यक्रम (१-५) निर्माण गरेको छ ।

शिक्षालाई व्यवहारिक र जीविकोपार्जनसँग जोड्न, स्थानीय आवशयकताको पहिचान र संरक्षण गर्ने मूल उद्देश्यका साथ लिम्चुङबुङ गाउँपालिका भित्रका शैक्षिक, बौद्धिक तथा सरोकारवालाहरुसँग रचनात्मक र सिर्जनात्मक सुझावहरुलाई आत्मसात गरि स्थानीय परिवेशलाई आधार मानेर तयार गरिएको स्थानीय पाठ्यक्रमले यस गाउँपालिकाको शैक्षिक उन्नयनमा ठुलो सहयोग हुनेमा म आशावादी छु ।स्थानीय पाठ्यक्रम निर्माणमा अग्रगामी भूमिका निभाउनु भएको स्थानीय शिक्षा अधिकारी श्री बिनोद राई, समितिका संयोजक श्री विश्वराम राई, विद्वान शिक्षक ज्यूहरु, विज्ञहरु लगायत सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै पाठ्यक्रमको सफलता साथै पूर्ण कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद ।**

मेजर कुमार राई
अध्यक्ष
लिम्चुङबुङ गाउँपालिका

# हाम्रो भनाइ

लिम्चुङ्बुङ गाउँपालिकालेशिक्षाको विकासका लागि विगत बर्षहरूदेखि नै विभिन्न शैक्षिक कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आएकोसबैलाई विदित नै छ। गाउँपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्रको विकास अपरिहार्य छ भन्ने तथ्यलाई यस गाउँपालिकाले आत्मसात् गरेको छ। यसै सन्दर्भमा यस गाउँपालिकाले स्थानीय ज्ञान, सिप, भाषा, कला, संस्कृति, सम्पदा, स्थानीय आर्थिक क्रियाकलाप लगायतका विषयवस्तु समावेश गरेर विद्यालय, स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहभागिता र सहयोगमा **'लिम्चुङबुङको सेरोफरो'** विषयक स्थानीय पाठ्यक्रम तयार गरेको छ।यस पाठ्यक्रमलेगाउँपालिकाको भौगोलिक, सांस्कृतिक, पर्यटकीय एवम् धार्मिक र सामाजिक पक्षहरूलाई समेटेको छ। स्थानीय संस्कार, संस्कृति, पेसा, व्यावसाय लगायत विविध पक्षहरूलाई प्राथमिकता दिएको छ। यस पाठ्यक्रमको कार्यान्वयनबाट बालबालिकाहरूमा आफ्नो समुदायमा घुलमिल हुने, स्थानीय सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधिमा सहभागी हुने, परम्परादेखि अभ्यास गरिदै आएका स्थानीय ज्ञान, सिप, स्रोत, सम्पदा तथा प्रविधिको पहिचान गर्ने र समयानुकूल परिस्कार गरी प्रयोगमा ल्याउने लगायतका सक्षमताको विकास गर्न सहयोग पुग्ने छ भन्ने विश्वास लिईएको छ।

यस स्थानीय पाठ्यक्रमको विकासमा सम्बन्धित क्षेत्रका विज्ञ तथा विशेषज्ञ, शिक्षासेवी, बुद्धिजीवी, स्थानीय जनप्रतिनिधि, शिक्षक, अभिभावक लगायतको योगदान रहेको छ। पाठ्यक्रम निर्माणमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति लिम्चुङबुङ्ग गाउँपालिका हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। यस पाठ्यक्रमको कार्यान्वयनमा सम्बन्धित सबैबाट आवश्यक सहयोग प्राप्त हुने विश्वास गरिएको छ। पाठ्यक्रम क्रमिक रूपमा सुधार र परिमार्जन गर्दै लैजानु पर्ने एउटा गतिशील दस्तावेज भएकाले यसको कार्यान्वयनको अनुभवका आधारमा आगामी दिनमा यस पाठ्यक्रममा आवश्यकता अनुसार सुधार र परिमार्जन गरी यसलाई अझै व्यावहारिक र उपयोगी बनाउदै लगिनेछ।यसको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबैबाट प्राप्त हुने रचनात्मक सुझावको गाउँपालिका सदैव स्वागत गर्दछ।

२०७९

**लिम्चुङबुङ गाउँपालिका**
**लिम्चुङबुङ गाउँकार्यापालिकाको कार्यालय**
**बाराहा, उदयपुर**
**प्रदेश नं. १ नेपाल**

# विषयसूची


| | | |
|---|---|---|
| १ | परिचय | १ |
| २) | तहगत सक्षमता | २ |
| ३. | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३) | ३ |
| ३ | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५) | ५ |
| ४ | सिकाइ उपलब्धि, विषयवस्तुको विस्तृतीकरण,सम्भावित शिक्षण सिकाइ क्रियापकलाप र...... | ७ |
| ५. | शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया | २८ |
| ५.१ | शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया आधारभूत तह (कक्षा १-३) | २८ |
| ५.२ | शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया आधारभूत तह (कक्षा ४-५) | २८ |
| ६. | विद्यार्थी मूल्याङ्कन आधारभूत तह (कक्षा १-५) | ३० |
| ६.१ | विद्यार्थी मूल्याङ्कन आधारभूत तह (कक्षा १-३) | ३० |
| ६.२ | विद्यार्थी मूल्याङ्कन आधारभूत तह (कक्षा ४-५) | ३३ |
| ७. | विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेखीकरण फारम (कक्षा १-३) | ३४ |

# १. परिचय

शैक्षिक विकास भनेको मानव समुदायको सर्वाङ्गीण विकास हो । शिक्षाको विकासबाट नै सम्पूर्ण मानव सभ्यताको विकास र समृद्धिको आधार स्तम्भ तय हुन्छ । मुख्यतया : शिक्षालाई योजनाबद्ध रूपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्छ । यही पाठ्यक्रमको माध्यमबाट शिक्षालाई व्यवस्थित र उपलब्धिमूलक बनाउनुपर्ने हुन्छ । पाठ्यक्रम योजनाबद्ध रूपमा शिक्षण सिकाइको आधार भएकाले यो शिक्षण सिकाइको मार्गदर्शन पनि हो । पाठ्यक्रमलाई सिकाइको प्रमुख योजना हो भनेर पनि अर्थ्याउन सकिन्छ । साथै पाठ्यक्रमलाई शिक्षण सिकाइको मार्गदर्शन,शिक्षण सिकाइको निर्धारक तथा समग्र शिक्षण योजनाको एकीकृतरूप हो भनेर बुझ्नुपर्छ । राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको पृष्ठभूमिमा पाठ्यक्रम निर्माण गर्ने प्रचलन रहेको छ । यसै सन्दर्भमा स्थानीय पाठ्यक्रमलाई लुप्त पाठ्यक्रमकोरूपमा लिने गरेको पाइन्छ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकतालाई मध्यनजर गरी स्थानीय स्रोत साधन र जनशक्तिको प्रयोग गरेर तयार पारिने भएकाले स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा स्थानीय मूल्य मान्यतामा केन्द्रित, स्थानमा आधारित स्थानीय विषयवस्तु,स्थानीय भौगोलिक अवस्था, स्थानीय आधारभूत आवश्यकता स्थानीय सामाजिक संरचना र स्थानीय विज्ञता र सहभागितालाई स्थानीय पाठ्यक्रमको आधारभूत सैद्धान्तिक पक्षको रूपमा लिइएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयन मार्गदर्शन (मातृभाषा सहित) २०७६को प्रावधान अनुरूप यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रमले मूलभूतरूपमा लिम्चुङबुङ गाउँपालिका क्षेत्रको सम्पूर्ण सेरोफेरोलाई समेट्ने प्रयत्न गरिएको छ । स्थानीय आवश्यकता पहिचानलाई मध्यनजर गरी आधारभूत कक्षा (१-५) तहमा आधारभूत बालबालिकाहरूलाई आफ्नो, सास्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन तथा स्थानीय प्रविधि पेसा, आर्थिक क्रियाकलापको संरक्षण र संवर्द्धनलाई गाउँपालिकाको सामाजिक,सांस्कृतिक,आर्थिक, भाषिक तथा वातावरणीय परिवेशबारे ज्ञान सिप प्रदान गर्ने अभिप्राय रहेको छ । यस पाठ्यक्रमले यस गाउँपालिका क्षेत्रको प्राकृतिक, सामाजिक, एतिहासिक, सांस्कृतिक आर्थिक, पर्यटन, उद्योग, कृषि, पशुपालन, पुरातात्त्विक सम्पदा, स्वास्थ्य तथा प्राथमिक उपचार सम्बन्धि चेतना साथै यस गाउँपालिकाको प्राकृतिक विशेष महत्त्व दिएको छ । आधारभूत तह (कक्षा १-५) का बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप र प्रविधिको उपयोग गर्दै आफ्नो गाउँपालिकाको पहिचान, वस्तुस्थिति साथै विभिन्न पेसाव्यवसाय अँगाल्दै आत्मनिर्भर र जीविकोपार्जन गर्न सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस लिम्चुङबुङ गाउँपालिकाका बारेमा समुचित जानकारी दिनेछ । स्थानीय आवश्यकता र सरोकारवालाहरूको बृहत् छलफलबाट प्रदेश नं.१उदयपुर जिल्लाको लिम्चुङबुङ गाउँपालिकाको सेरोफेरो विषयमा स्थानीय पाठ्यक्रम पहिलो चरणमा आधारभूत तह (कक्षा १-५) को पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रममा जम्मा ७ ओटा क्षेत्रहरू समावेश गरिएका छन :

१) हाम्रो लिम्चुङबुङ
२) तरकारी तथा फलफूलखेती
३) भाषा, धर्म,कला,संस्कृति र परम्परागत रीतिरिवाज
४) पर्यटन र पुरातात्त्विकसम्पदा
५) स्वास्थ्य,सरसफाइर खेलकुद
६) पशुपालन तथा व्यवसाय
७) स्थानीय आर्थिक क्रियाकलाप

## २. तहगत सक्षमता

हाम्रो लिम्चुङबुङ सेरोफेरो नामक स्थानीय पाठ्यक्रमले लिम्चुङबुङ गाउँपालिकाको सेरोफेरोमा रहेको प्राकृतिक, वातावरण, सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक, परम्परागत रीतिरिवाज, जातजाति तथा समग्र वस्तुस्थितिसँग परिचित हुन सक्ने भन्ने उदेश्य राखिएको छ । स्थानीय पेसाव्यवसाय, प्रविधि, पर्यटकीय स्थल पुरातात्त्विक सम्पदा, व्यक्तिगत स्वास्थ्य सरसफाइ तथा आर्थिक क्रियाकलाप लगायत विविध पक्षहरूको विषयमा सिकरुहरूलाई सक्षम बनाउन तहगत सक्षमता राखिएको छ ।

आधारभूत तह कक्षा (१-५) को अन्त्यमा बालबालिकाहरूमा निम्नलिखित तहगत सक्षमताको विकास हुनेछन् :-

१. लिम्चुङबुङ गाउँपालिकाको भौगोलिक परिवेश,वातावारण,पूर्वाधार विकास तथा सामाजिक मूल्य मान्यताका आधारभूत पक्षहरूको पहिचान गर्न
२. लिम्चुङबुङ क्षेत्रभित्रका पेसा, व्यवसाय, एवम् आर्थिक क्रियाकलापका आधारभूत पक्षहरूप्रस्तुत गर्न
३. लिम्चुङबुङ गाउँपालिकामा रहेको विभिन्न कार्यालयहरू, सङ्घसंस्थाहरू तथा विद्यालयहरूको परिचय दिन
४. तरकारी तथा फलफूल खेतीको वर्गीकरण, महत्त्व र उपयोग सम्बन्धमा बोध प्रस्तुत गर्न
५. तरकारी तथा फलफुल खेतीको संरक्षण गर्ने तरिका, तिनीहरूमा लाग्ने रोग र त्यसको उपचारको जानकारी प्राप्त गर्न
६. स्थानीय धर्म, जातजाति, भाषा, संस्कृति, परम्परा, चाडपर्व र रीतिरिवाजको परिचय दिन, तिनीहरूको महत्त्वबताउन र संरक्षण र संवर्द्धन गर्न ।
७. लिम्चुङबुङ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थान तथा पुरातात्त्विक सम्पदाको पहिचान र प्रचार-प्रसार गर्न
८. पशुपालनको परिचय,महत्त्व र त्यसमा लाग्ने रोग र रोकथामका उपायहरूअवलम्बन गर्न
९. स्थानीय स्तरमा गर्न सकिने वातावरणीय सरसफाइ व्यक्तिगत स्वास्थ्य सरसफाइ तथा साधारण खेलकुदसम्बन्धमा बताउन
१०. स्थानीय पेसा व्यवसाय, मौलिक उत्पादनहरूको पहिचान गरी त्यसको संरक्षण तथा संवर्द्धन गर्न

## ३. विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र/एकाइ | कक्षा -१ | कक्षा -२ | कक्षा -३ |
|---|---|---|---|
| १. हाम्रो लिम्चुङबुङ | • आफू बसेको गाउँ/टोल को नाम बताउन<br>• आफ्नो वरपरको नदी/खोलाको नाम बताउन<br>• आफ्नो विद्यालय र छिमेकी विद्यालयको नाम बताउन<br>• टोल विकास संस्थाको नाम बताउन<br>• आफ्नो गाउँ/टोलमा कार्यरतस्वास्थ्य स्वयसेविकाको नाम बताउन | • आफू बसेको वडा नं. वडा कार्यालयको ठेगानाबताउन<br>• लिम्चुङबुङ गाउँपालिकाको नाम र गा.पा.को कार्यालय रहेको ठेगाना बताउन<br>• उदयपुर जिल्लाको नक्सामा लिम्चुङबुङ गाउँपालिका पहिचान गर्न,<br>• आफू बसेको वडाभित्रका गाउँ/टोलहरूको नाम बताउन<br>• टोल विकास संस्थाका महत्त्वपूर्णकाम बताउन<br>• स्वास्थ्य उपचार गर्ने संस्थाको परिचय दिन | • लिम्चुङबुङ गाउँपालिकाको जमिनको स्वरूपबारे सामान्य जानकारी प्रदानगर्न<br>• १ नं. प्रदेशको नक्सामा लिम्चुङबुङ गाउँपालिकापहिचान गर्न,<br>• गा.पा.भित्रका मुख्य सडकहरूको नाम बताउन<br>• आफ्नो वडाभित्र रहेको सामुदायिक वनको परिचय दिन<br>• आफ्नो वडाका वडा अध्यक्ष र वडा सदस्यहरूको नाम बताउन<br>• स्वास्थ्य सेवा प्रदायक सरकारी संस्थाको नाम र काम बताउन |
| २.तरकारी तथा फलफूल खेती | • आफ्नो गाउँ घरमा पाइने तरकारी तथा फलफूल पहिचान गर्न<br>• फलफूल पाइने सिजन र महिना बताउन<br>• हिउँदे तरकारी र वर्षे तरकारीको नाम बताउन | • वर्ष भरी उत्पादन हुने फलफूल तथा तरकारीको नाम बताउन<br>• फलफूलको बिरुवा रोप्ने समयको पहिचान गर्न<br>• गा.पा.ले तरकारी र फलफूल खेतीमा गाउँमा गरेको सहयोग उल्लेख गर्न<br>• उत्पादित फलफूल तथा तरकारी बिक्रीगर्ने स्थान पहिचान गर्न | • गा.पा.मा लगाइएका व्यावसायिक,तरकारी तथा फलफूल फार्मबारे बताउन,<br>• गाउँ तथा टोलका वडा कृषि प्राविधिक नाम र काम उल्लेख गर्न |
| ३) भाषा, धर्म,कला, संस्कृति र परम्परागत रीतिरिवाज | - आफू बोल्ने भाषाको नाम पहिचान गर्न<br>- आफ्नो गाउँ टोलमा बसोवास गर्ने जातजातिको नाम बताउन<br>- वर्षभरी मानिने पर्वको नाम भन्न<br>- आफ्नो गाउँघरका लोकबाजा पहिचान गर्न<br>- स्थानीय लोक गीतको नाम बताउन | - वडाभित्र बोलिने भाषा पहिचान गर्न<br>- आफ्ना गाउँ टोलमा बसोवास गर्ने जातजातिको थर भन्न<br>- स्थानीय चाड र मनाउने जाति पहिचान गर्न<br>- स्थानीय लोक गित गाउने  अभ्यास गर्न | - वडाभित्र मानिने धर्म, बोलिने भाषा, लगाइनेपोसाकपहिचान गर्न<br>- स्थानीय चाडपर्व (तिज, उँभौली, उँधौली, ल्होसार, माघेसङ्क्रान्तिआदि ) को परिचय दिन<br>- लोकगीत गाउने अभ्यास(स्थानीय लोकगीत, हुर्रा, मारुनी, साकेला ....) अभ्यास गर्न<br>- स्थानीय लोक नृत्यअभ्यास गर्न |

| क्षेत्र/एकाइ | कक्षा -१ | कक्षा -२ | कक्षा -३ |
| --- | --- | --- | --- |
| ४) पर्यटन र पुरातात्त्विक सम्पदा | - गाउँ टोलमा घुम्न लायक ठाउँ पहिचान गर्ने<br>- गाउँघरमा रहेको पुराना पाटी पौवा पहिचान गर्ने<br>- गाउँमा मान्ने देवी देवताका देवीथान मन्दिर पहिचान गर्ने | - गा.पा.भित्र पर्यटकीय स्थलहरूको सामान्य परिचय दिन<br>- देवी देवता मन्दिरका आस्थावानहरू बताउन<br>- पुराना पाटी, पौवा आदिको नाम बताउन | - पर्यटकीय स्थलहरूको सङ्क्षिप्त चर्चा गर्ने<br>- (एभरेस्ट भ्युटप, बाराहाजीको शिव मन्दिर, हुरुङ्गा झरना....) प्राकृतिक एवम् सांस्कृतिक क्षेत्रहरूको परिचय दिन |
| ५) स्वास्थ्य, सरसफाइ र खेलकुद | - स्वस्थ बानी बसाल्न<br>- व्यक्तिगत सरसफाइ गर्ने<br>- असल आचरण बिकास गर्ने<br>- साधारण पि.टी. अभ्यास गर्ने | - नियमित सरसफाइ तथा नुहाइधुवाइ गर्ने<br>- गुलियो खानुको बेफाइदा बताउन<br>- फोहोर धुलामा खेल्न नहुने बानी बसाल्न<br>- खाना खानुअघि शौचालय पछि हात धुने बानी बसाल्न<br>- साधारण पि.टी. र कवाज अभ्यास गर्ने | - स्वास्थ्य र सरसफाइको आवश्यकता उल्लेख गर्ने<br>- स्थानीय स्वास्थ्यकर्मीको नाम भन्न<br>- स्वस्थ रहन गर्नुपर्ने र गर्न नहुने कार्य बोध र अभ्यास गर्ने<br>- पि.टी. र कवाज अभ्यास गर्ने<br>- स्थानीय सामान्य खेलको अभ्यास गर्ने |
| ६) पशुपालन तथा व्यवसाय | - आफ्ना घरका पशुचौपायाको नाम बताउन<br>- आफ्ना गाउँ घरमा पाल्ने पशु चौपायाको नाम भन्न<br>- पशु चौपायालाई खुवाउने घाँसको उदाहरण दिन<br>- पशुचौपायाको उपयोगिता भन्न<br>- आफ्नो बारी,जङ्गलमा पाइने घाँसको नाम बताउन | - घरपालुवा जनावरको परिचय दिन<br>- घरपालुवा पशुचौपायाको फाइदा उल्लेख गर्ने<br>- पशुचौपायालाई खुवाउने कुरा र तिनको प्राप्तिबारे बताउन<br>- घाँसका प्रकार उल्लेख गर्ने<br>- व्यावसायिक डाले घाँसको परिचय दिन<br>- वडा कृषि रहेको ठाउँ भन्न | - पशुपालनका फाइदा बताउन<br>- पशुपालन गर्दा लाग्ने रोगहरू पहिचान गर्ने<br>- पशु आहारबारे बताउन<br>- कृषि शाखाबाट पाइने वा बजारमा पाइने घाँसहरूमा बिउ,बेर्ना वा हाँगाबारे जानकारी लिन<br>- वडाका कृषि तथा पशु प्राविधिकको काम उल्लेख गर्ने<br>- बागबानी, कृषि शाखाले दिएको घाँस बताउन |
| ७) स्थानीय आर्थिक क्रियाकलाप | - गाउँटोलका व्यक्तिहरूको पेसा व्यवसायको नाम बताउन<br>- उत्पादन हुने बालीको नाम पहिचान गर्ने<br>- घरमा बिक्रीहुने उत्पादनका वस्तुहरू पहिचान गर्ने<br>- घरका उत्पादित सामग्री बिक्री गर्ने ठाउँ पहिचान गर्ने | - गाउँवासीहरूले अपनाएका मूख्य पेसाहरूको सूची निर्माण गर्ने<br>- उत्पादित कृषिजन्य उपजहरूको परिचय दिन<br>- दैनिक / साप्ताहिक किनमेल हुने ठाउँ वा बेच्ने ठाउँको महत्त्व बताउन<br>- परम्परागत पेसा पहिचान गर्ने<br>- व्यावसायिक र निर्वाहमुखी पेसाबिचको फरक प्रस्तुत गर्ने | - गाउँ टोलमा प्रचलित हस्तकलाका समान पहिचान गर्ने<br>- स्थानीय स्तरमा उत्पादित अन्न,फलफूलको महत्त्वउल्लेख गर्ने<br>- व्यावसायिक फर्म तथा संस्थाको परिचय दिन<br>- गाउँ घरमा खरिद बिक्रीको प्रक्रिया कसरी चलिरहन्छ त्यसको जानकारी लिन |

## ३ विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५)

| क्षेत्र/एकाइ | कक्षा -४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| १. हाम्रो लिम्चुङबुङ | ➢ गाउँपालिकाको नाम, भौगोलिक अवस्था<br>➢ गाउँपालिकाभित्रका वडाहरूको संख्या र आफू बस्ने वडाको परिचय<br>➢ गाउँपालिकाभित्रका मुख्य बाटाघाटाको पहिचान<br>➢ गाउँपालिकाभित्रका वन / जङ्गल, खोलानाला र नदी परिचय | १५ | ➢ गाउँपालिकाको नामकरणको कारण र पृष्ठभूमि<br>➢ गाउँपालिकाको वडा कार्यालय ठेगाना र दिने सेबाको किसिम<br>➢ गाउँपालिकाभित्रका मुख्य बस्तीहरू, सडक, बाटाघाटा परिचय र महत्त्व<br>➢ गाउँपालिकाभित्रका रहेका विभिन्न सरकारी सङ्घसंस्थाहरू र तिनीहरूको सेवा | १५ |
| २. तरकारी तथा फलफूल खेती | ➢ तरकारी बालीको वर्गीकरण (जमिन माथि र जमिनमुनि फल्ने, हिउदे,वर्षे, र बेमौसमी, जरा, फल, पात, फुल,र डाँठ खाने<br>➢ स्थानीय स्तरमा पाइने फलफूल (सुन्तला,कागती,केरा,आँप,लिची,किवी,निबुवा आदि )<br>➢ तरकारी तथा फलफूल खेतीलाई हिफाजत र बार बन्देज नलगाएमा हुने नोक्सानी<br>➢ तरकारी तथा फलफूलको बिउ विजन,बेर्ना,नर्सरी तथा कलमी गर्ने तरिका<br>➢ तरकारी तथा फलफूलको खेती गर्ने औजार तथा थोपा सिंचाई (कोदालो, कुटो, हँसिया, हजारी आदि )<br>➢ हरियो सागपात र फलफूलको महत्त्व तथा फाइदा<br>➢ स्थानीय क्षेत्रमा हुने फलफूलको सूची | ३९ | ➢ तरकारी बालीको वर्गीकरण<br>➢ करेसावारिको प्रयोग<br>➢ स्थानीय स्तरमा पाइने फलफूलको नाम र उत्पादनको अवस्था<br>➢ तरकारी तथा फलफूल खेतीलाई बन्देज नलगाएमा हुने नोक्सानी<br>➢ नर्सरी र कलमी गर्ने तरिका<br>➢ तरकारी तथा फलफूल खेती गर्दा ध्यान दिनुपर्ने कुराहरू (जग्गा छनौट र तयारी, हावापानी र मौसम, माटो परिक्षण आदि )<br>➢ हरियो सागपात तथा तरकारीहरूको सूची बनाउन<br>➢ फलफूल खेतीको महत्त्व (औषधिको रूपमा,स्वस्थ खानाको रूपमा, आर्थिक महत्त्वको रूपमा<br>➢ हरियो सागपात तथा तरकारीको अवश्यकता र महत्त्व | ३९ |
| ३) भाषा, धर्म,कला, संस्कृति र परम्परागत रीतिरिवाज | ➢ गाउँपालिकाभित्रबोलिने विभिन्न भाषा<br>➢ गाउँपालिकाभित्र मनाइने चाडपर्वहरू<br>➢ स्थानीय मौलिक वेशभूषाहरू<br>➢ हाम्रो संस्कृति (साकेला नाच, हुर्रा नाच, बालन नाच,मारुनी नाच, सँगिनी नाच, सेलो नाच....आदि<br>➢ गाउँपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय<br>➢ वडाभित्रको धार्मिक तथा सांस्कृतिक स्थलको परिचय | १५ | ➢ गाउँपालिकाभित्रका समुदायमा प्रचलित रीतिरिवाज र परम्पराको महत्त्व<br>➢ गाउँपालिकाभित्रका धार्मिक तथा सांस्कृतिक स्थलको संक्षिप्त परिचय<br>➢ आफ्नो समुदायका जन्म, मृत्यु, विवाह संस्कारको परिचय<br>➢ गाउँपालिकाभित्र मनाइने सांस्कृतिक पर्वहरूमा प्रयोग गरिने बाजा र लगाइने वेशभूषाहरूको सूची | १५ |

| क्षेत्र/एकाइ | कक्षा -४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| ४) पर्यटन र पुरातात्त्विक सम्पदा | ➢ गाउँपालिकाभित्र रहेको पर्यटकीय स्थल तथा पुरातात्त्विक सम्पदाहरूको परिचय (एभरेस्ट भ्यु टप, यलम्बर पार्क, सुनकोसीनदी......) आदि । | १५ | ➢ गाउँपालिकाभित्रको पर्यटकीय स्थलको परिचय (गाईखुर, मिनासिकाको भित्ते ढुङ्गो, बाराहाजिको मन्दिर, ककनी ........)<br>➢ गाउँपालिकाको नजिकै पर्ने पर्यटकीय तथा पुरातात्त्विक सम्पदाहरू ( हलेसी महादेव स्थल, होलेसुङ पार्क, टुवाँचुङ .....आदि) | १५ |
| ५) स्वास्थ्य, सरसफाइ र खेलकुद | ➢ स्वस्थ र अस्वस्थ भोजनको पहिचान र भिन्नता<br>➢ स्वस्थकर खाना प्रयोग गर्ने तरिका र फाइदा<br>➢ सहि समयमा उपयुक्त तरिकाले बस्ने, सुत्ने र उठ्ने तरिकाको अभ्यास<br>➢ योगको सामान्य परिचय<br>➢ खेल खेल्नाले हुने फाइदा | १५ | ➢ प्राकृतिक खाना र जङ्कफुडको पहिचान र उपयुक्त तथा स्वस्थ खानाको प्रयोग<br>➢ विद्यालयमा स्वस्थ खानाको प्रयोग<br>➢ योगको महत्त्व र योगाभ्यास<br>➢ खेलको महत्त्व र फाइदा | १५ |
| ६) पशुपालन तथा व्यवसाय | ➢ आफ्नो वडा र छिमेकी वडाभित्र रहेको पशुपालन व्यवसाय (वासस्थान, खाना र सरसफाइको अवस्था )<br>➢ पशुपालन व्यवसायको महत्त्व तथा फाइदा | १४ | ➢ आफ्नो गाउँपालिकाभित्र रहेका पशुपालन व्यवसाय (कुखुरा, बाख्रा, माछा, बङ्गुर पालन) को खाना वासस्थान र सरसफाइको अवस्था<br>➢ पशुपालनमा रोग लाग्नुको कारण र लाग्ने रोग तथा रोग लाग्न नदिन अपनाउनुपर्ने उपाय<br>➢ पशुपालनको महत्त्व तथा फाइदा | १४ |
| ७) स्थानीय आर्थिक क्रियाकलाप | ➢ स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री (जाल,डोको,नाम्लो,थुन्से/सोली,खाडी बुनाइ, कुचो आदि)<br>➢ स्थानीय परम्परागत प्रविधिको परिचय ( ढिकी, जाँतो, कोल, मदानी,ठेकीआदि)<br>➢ स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान तथा उत्पादित वस्तुहरूको बजारीकरण | १५ | ➢ गाउँपालिकाभित्र कृषि पकेट क्षेत्रहरूको परिचय<br>➢ परम्परागत हस्तकलाको परिचय, संरक्षण र संवर्द्धन ( खाडी कपडा, बाँसको विभिन्न सामग्री निर्माण)<br>➢ गाउँपालिकाभित्र उत्पादन हुने नगदे बालीको परिचय र प्रयोग<br>➢ गाउँपालिकाभित्रका खरिद बिक्री गर्ने स्थलको परिचय | १५ |

## ४. सिकाइ उपलब्धि,विषयवस्तुको विस्तृतीकरण,सम्भावित शिक्षण सिकाइ क्रियापकलाप र सम्भावित मूल्याङकन प्रक्रिया

कक्षा १

| क्र. स. | क्षेत्र\ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियापकलाप | सम्भावित मूल्याङ्कन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. | हाम्रो लिम्चुङबुङ | - आफू बसेको गाउँ/टोल को नाम बताउन<br>- आफ्नो वरपरको नदी/खोलाको नाम बताउन<br>- आफ्नो विद्यालय र छिमेकी विद्यालयको नाम बताउन<br>- टोल विकास संस्थाको नाम बताउन<br>- आफ्नो गाउँ/टोलमा कार्यरत स्वास्थ्य स्वयम्सेविकाको नाम बताउन | - आफू वसेको गाउँ,<br>- आफ्नो वरपरको नदी,खोला<br>- आफ्नो विद्यालय र छिमेकी विद्यालय<br>- टोल विकास संस्था<br>- स्वास्थ्य स्वयम्सेविका | - आफू वसेको गाउँको नाम भन्न लगाउने,<br>- बालबालिकालाई आफ्ना नजिक पर्ने खोला नदी के के छन्भन्न लगाउने,छलफल गराउने<br>- बालबालिकालाई आफ्नो विद्यालयको नाम भन्न लगाउने सँगै छिमेकी विद्यालयको नाम भन्न लगाउने<br>- बालबालिकाको आफ्नो टोल विकास संस्थाको नाम भन्न लगाउने र उसको टोलको स्वयम्सेविकाको नाम सोध्ने | - आफू वसेको गाउँ को नाम सोध्ने,<br>- नजिकको खोला नदीको नाम भन्न लगाउने<br>- तपाईँको विद्यालयको नाम के हो साथै छिमेकी विद्यालयको नाम भन्नुहोस्।<br>- तपाईँको टोलविकास संस्थाको नाम के हो?<br>- तपाईँको स्वयम्सेविकाको नाम के हो? | २२ |
| २. | तरकारी तथा फलफूल खेती | - आफ्नो गाउँ घरमा पाइने तरकारी तथा फलफूल पहिचान गर्न<br>- फलफूल पाइने सिजन र महिना बताउन<br>- हिउँदे तरकारी र वर्षे तरकारीको नाम बताउन | - आफनो गाउँमा उत्पादित फलफूल तथा तरकारीहरू<br>- हिउँदमा मात्र पाइने फलफूल तथा तरकारीहरू वर्षामा मात्र पाइनेफलफूल तथा तरकारीहरू<br>- बाह्रमासे फलफूल तथा तरकारीहरू | - बालबालिकाहरूलाई आफ्नो घरमा फल्ने फलाइने, लगाइएको खेती गरेको फलफूल तरकारीको नाम भन्न लगाउने र अरु बताइदिने<br>- हिउँदे याममा गाउँघरमा पाइने फलफूल तथा तरकारीबारे क्षेत्र भ्रमणमा लैजाने,<br>- वर्षामा  मात्र पाइने फलफूल तथा तरकारीको नाम बालाबालिकालाई सोध्ने र जानकारी दिने,<br>- बाह्रमासे  तरकारीबारे सोध्ने, चिन्न लगाउने | - तपाईँको घरमा आज केके तरकारी थियो?<br>- तपाईँको गाउँमा कुन कुन तरकारी र तथा फलफूल पाईन्छ?<br>- हिउँदे तरकारीहरू केके हुन् ?<br>- वर्षे तरकारीहरू केके हुन् ?<br>- बाह्रमासे तरकारीहरू केके हुन् ?<br>- बाह्रमासे तरकारीभित्र केके पर्छ? | २२ |

| क्र.स. | क्षेत्र\ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियापकलाप | सम्भावित मूल्याङ्कन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३. | भाषा, धर्म, कला, संस्कृति र परस्परागत रीतिरिवाज | - आफू बोल्ने भाषाको नाम पहिचान गर्न<br>- आफ्नो गाउँ टोलमा बसोवास गर्ने जातजातिको नाम बताउन<br>- वर्ष भरी मानिने पर्वको नाम भन्न<br>- आफ्नो गाउँघरका लोकबाजा पहिचान गर्न<br>- स्थानीय लोक गीतको नाम बताउन | - गाउँघरमा मानि आएको धर्म<br>- बोलिँदै आएको भाषा<br>- आफ्नो टोलमा वसोवास गर्ने जातजाति<br>- गाउँघरमा मनाइने चाडपर्व<br>- स्थानीय लोक बाजा<br>-<br>- स्थानीय लोक गीत | - आफ्नो गाउँघरमा मानिआएको धर्मको नाम भन्न लाउने चित्र,पोस्टरमार्फत पहिचान गर्न लाउने<br>- आफ्नो भाषा र अरु साथीले बोल्ने भाषाको नाम बताउन लाउने<br>- गाउँघरमा मनाईने चाडपर्व र मनाउँदा गरिने क्रियापकलापलाई छलफल गराउने<br>- स्थानीय लोक बाजा चिनाउने,बजाउन अभ्यास गराउने, स्थानीय प्रचलित लोक भाकाहरू गाउने,गाउन अभ्यास गराउने,<br>- लोकगीत, लोक नृत्य,लोक बाजाको प्रयोग श्रव्यदृश्य सामग्री तथा पोस्टरमार्फत प्रस्त्याउने | - तपाईँ र तपाईँको परिवारले कुन धर्म मान्नुहुन्छ ?<br>- तपाईँको गाउँघरमा कुन कुन भाषा बोलिन्छ?<br>- तपाईँको गाउँघरमा मनाईने चाडपर्व कुन कुन हुन र कसरी मनाइन्छ?<br>- स्थानीय लोक बाजाहरूको नाम भन्नुहोस्।<br>- एउटा लोक गीत गाएर सुनाउनुहोस्। | २३ |
| ४. | पर्यटन र पुरातात्त्विक सम्पदा | - गाउँ टोलमा घुम्न लायक ठाउँ पहिचान गर्न<br>- गाउँघरमा रहेको पुराना पाटी पौवा पहिचान गर्न<br>- गाउँमा मान्ने देवी देवताका देवीथान मन्दिर पहिचान गर्न | - गाउँटोलका घुम्न लायाक ठाउँहरू<br>- गाउँघरका पाटी पौवा चौतारा आदि<br>- गाउँघरका प्रचलित देवीथान,मन्दिर,ककनी, | - आ-आफ्नो गाउँटोलमा रहेका स्थानीय घुम्न लायक ठाउँहरूबारे फिल्ड भिजिट\क्षेत्र भ्रमण गर्ने गराउने गाउँघरको पाटी पौवाबारे चित्र, पोस्टर वा प्रत्यक्ष अवलोकन गराउने<br>- स्थानीय देवीथान, मन्दिर, ककनिको नाम र त्यहाँ गरिने पूजाआजाको, प्रार्थनाबारे सोध्ने तथा जानकारी गराउने | - तपाईँको गाउँमा घुम्न लायक ठाउँहरू कहाँ कहाँ छन् ?<br>- तपाईँको गाउँमा पाटी पौवा,चौतारा छ कि छैन?<br>- गाउँबाट सबैभन्दा नजिक पर्ने मन्दिर देवीथान वा ककनी कुन हो? | २४ |

| क्र.स. | क्षेत्र\ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियापकलाप | सम्भावित मूल्याङ्कन प्रकृया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५. | स्वास्थ्य, सरसफाइ र खेलकुद | - स्वस्थ बानी बसाल्न<br>- व्यक्तिगत सरसफाइ गर्न<br>- असल आचरण बिकास गर्न<br>- साधारण पि.टी. अभ्यास गर्न | - उठ्ने सुत्ने समय,<br>- खाना खानु अघि, चर्पी गएपछि साबुन पानीले हात धुने।<br>- स्वास्थ्य सफा,ताजा खाना<br>- साधारण पी.टी.<br>- कवाज | - बालबालिकालाई स्वस्थ आचरण सिकाउन, चित्र पोस्टर देखाउने,<br>- श्रव्यदृश्य सामग्रीमार्फत गलत बानी अपनाउदा हुने बेफाइदा प्रस्थ्याउने<br>- व्यक्तिगत सरसफाइ,आराम गर्ने विहान उठ्ने विषयमा सोध्ने, र बताइदिने<br>- साधारण खालको पी.टी. गर्ने गराउने<br>- सजिलो कवाज गर्ने,गराउने<br>- पीटी र कवाजका साधारण नियमहरू बताउने | - तपाईँ खाना खानु अघि हात केले धुनहुन्छ?<br>- वासी खाना किन खानु हुदैन?<br>- तपाईँ कति कति दिनमा नुहाउनुहुन्छ?<br>- कति बजे सुतुहुछ?<br>- तपाईंलाई पीटी खेल्न आउँछ ? गरेर देखाउनुहोस्। | २२ |
| ७. | स्थानीय आर्थिक क्रियाकलाप | - गाउँटोलका व्यक्तिहरूको पेसा व्यवसायको नाम बताउन<br>- उत्पादन हुने बालीको नाम पहिचान गर्न<br>- घरमा बिक्री हुने उत्पादनका वस्तुहरू पहिचान गर्न<br>- घरका उत्पादित सामग्री बिक्री गर्ने ठाउँ पहिचान गर्न | - गाउँटोलमा जनजीविकाको माध्यम पेसा तथा व्यवसायहरू<br>- बालबालिकाको आफ्नो गाउँटोलमा उत्पादन हुने हिउदे \वर्षे बाली<br>- गाउँघरमा अपनाईने पुर्ख्यौली घरेलु सिपहरू<br>- पशुजन्य तथा कृषिजन्य उपज बिक्री गर्ने स्थान | - बालबालिकाहरूलाई आ-आफ्नो घरको पेसा र व्यवसायबारे सोध्ने, छलफल गराउने<br>- बालबालिकालाई आफ्नो कृषि उपज अन्तर्गतको हिउँदे तथा वर्षे बालीहरूबारे सोध्ने र बताइदिने<br>- चित्र वा श्रव्यदृश्य सामग्रीमार्फत प्रस्थ्याउने<br>- गाउँघरको पुर्ख्यौली घरेलु सिपहरू प्रयोग गरेर उत्पादित वस्तुहरू वा सामग्रीबारे प्रत्यक्ष अवलोकन गराई जानकारी गराउने<br>- पशुजन्य तथा कृषिजन्य उपजहरूबिक्री हुने वा गरिने स्थान र माध्यमका बारेमा प्रष्ट पारिदिने | - तपाईँको घरमा बुबाआमा के गर्नुहुन्छ?<br>- तपाईँको गाउँटोलका अन्य व्यक्तिहरू कुन कुन पेसामा काम गर्नुहुन्छ?<br>- तपाईँको गाउँघरमा उत्पादन हुने बालीहरू के के हुन्?<br>- तपाईँको गाउँमा पुर्ख्यौली सिप प्रयोग गर्दै उत्पादन हुने सामानहरू के के हुन्?<br>- तपाईँको गाउँघरमा उत्पादन भएका कृषि उपज कहाँ बिक्री गरिन्छ? | २४ |

कक्षा २

| क्र.स. | क्षेत्र\ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. | हाम्रो लिम्चुङबुङ | - आफू बसेको वडा नं. वडा कार्यालयको ठेगाना बताउन<br>- लिम्चुङबुङ गाउँपालिकाको नाम र गा.पा.को कार्यालय रहेको ठेगाना बताउन<br>- उदयपुर जिल्लाको नक्सामा लिम्चुङबुङ गाउँपालिका पहिचान गर्न,<br>- आफू बसेको वडाभित्रका गाउँ/टोलहरूको नाम बताउन<br>- टोल विकास संस्थाका महत्त्वपूर्ण काम बताउन<br>- स्वास्थ्य उपचार गर्ने संस्थाको परिचय दिन | - आफू बसेको वडा र वडा कार्यालयको ठेगाना<br>- गा.पा. को नाम र कार्यालय रहेको स्थान<br>- उदयपुर जिल्लाको नक्सा<br>- गा.पा. कावडाहरू<br>- वडास्तरीय गाउँका नाम<br>- टोल विकास संस्था र त्यसका प्रमुखहरू<br>- स्वास्थ्यकर्मी तथा तिनको आबद्धता | - विद्यार्थी बालबालिकालाई आफू बसेको वडा न. र कार्यलय सोध्ने आवश्यकताअनुसार बताइदिने<br>- आफ्नो लि.गा.पा.को नक्सा देखाउँदै आफ्नो गा.पा. चिन्न लाउने<br>- जिल्लाको नक्सा देखाउदै आफ्नो गा.पा. पहिचान गर्न लगाउने<br>- प्रत्येक बालबालिकालाई आफ्नो वडाभित्रको गाउँहरूको नाम भन्न लगाउने<br>- आफ्नो टोल विकास संस्थाको प्रमुखहरूको नाम भन्न सहजिकरण गर्ने र आफनो गाउँ घरमा बिरामी हुँदा उपचार गर्ने स्वास्थ्यकर्मीको नाम सोध्ने र छलफल गराउने | - तपाईँकति नं. वडा मा बस्नुहुन्छ?<br>- तपाईँको गा.पा. को नाम के हो ? कार्यालय कहाँ पर्छ?<br>- नक्सा हेरेर गा.पा. पत्ता लगाउनुहोस।<br>- तपाईँको वडाभित्र कुन कुन गाउँहरूछन् ?<br>- तपाईँ कुन टोलमा बस्नु हुन्छ ?<br>- तपाईँको टोल विकास संस्थाको प्रमुख को नाम के हो?<br>- तपाईँ र तपाईँको परिवारमा बिरामी हुँदा कस्ले उपचार गर्छ? | २२ |
| २. | तरकारी तथा फलफूल खेती | - वर्षभरी उत्पादन हुने फलफूल तथा तरकारीको नाम बताउन<br>- फलफूलको बिरुवा रोप्ने समयको पहिचान गर्न<br>- गा.पा.ले तरकारी र फलफूल खेतीमा गाउँमा गरेको सहयोग उल्लेख गर्न<br>- उत्पादित फलफूल तथा तरकारी बिक्री गर्ने स्थान पहिचान गर्न | - हिउँदे र वर्षे तरकारी र फलफूल<br>- तरकारी तथा फलफूलको बेर्ना बिरुवा सार्ने लगाउने तरिका<br>- बिरुवा सार्ने उपयुक्त समय<br>- गा.पा. ले कृषि शाखा मार्फत फलफूल तथा तरकारीखेतीमा गरेको लागानी<br>- उत्पादित फलफूल तरकारीको प्रयोग | - बालबालिकाहरूलाई आफ्नो गाउँघरमा फल्ने हिउँदे तथा वर्षे तरकारी फलफूलको नाम पालैपालो सोध्ने।<br>- आफनो घर अनि छिमेकमा तरकारी तथा फलफूलको बेर्ना,बिरुवा सार्ने तरिका सोध्ने र नजिकको क्षेत्र भ्रमणमा लैजाने<br>- गा.पा.ले कृषि अनुदान दिएका बारे छलफल गराउने | - तपाईँको गाउँघरमा फल्ने फलफूल र हुने तरकारी के के छन?<br>- तरकारी तथा फलफूलको बेर्ना सार्ने उपयुक्त समय कुन हो?<br>- गा.पा. ले दिएको कृषि अनुदान के के हुन ?<br>- उत्पादित फलफूल तथा तरकारीको प्रयोग कसरी गरिन्छ? | २२ |

| क्र.स. | क्षेत्र\ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३. | भाषा, धर्म, कला, संस्कृति र परम्परागत रीतिरिवाज | - वडाभित्र बोलिने भाषा पहिचान गर्न<br>- आफ्ना गाउँ टोलमा बसोवास गर्ने जातजातिको थर भन्न<br>- स्थानीय चाड र मनाउने जाति पहिचान गर्न<br>- स्थानीय लोक गित गाउने अभ्यास गर्न | - आफ्नो टोल गाउँ वडा भित्रका प्रचलित धर्म<br>- वडाभित्रबोलिने भाषा र वसोवास गर्ने जातजाति र थर<br>- स्थानीय गाउँ वडा मा मनाउने चाड पर्व र मनाउने जात जातिहरू<br>- स्थानीय प्रचलित लोक बाजाहरू<br>- लोक गित को नमुना र अभ्यास | - फलफूल तथा तरकारी प्रयोग तथा बिक्रीबारेप्रस्त्याउने<br>- बालबालिकालाई आफनो धर्मबारे सोध्ने<br>- उनीहरूको थर एक अर्काले भन्ने खेल खेलाउने<br>- विभिन्न जातजातिहरूले मनाउने चाडपर्वबारे एक अर्कालाई भन्न लगाउने र आवश्यक सहजीकरण गर्ने अभ्यास गराउने | - तपाईँको र छिमेकीको धर्म एउटै हो?<br>- तपाईँको वडामा कुन कुन भाषा वोलिन्छ?<br>- तपाईँको वडामा मनाईने चाडपर्व केके हुन्?<br>- स्थानीय लोक बाजाहरू के के हुन्?<br>- लोक गित को एक टुक्रा सुनाउनुहोस्। | २३ |
| ४. | पर्यटन र पुरातात्विक सम्पदा | - गा.पा.भित्र पर्यटकीय स्थलहरूको सामान्य परिचय दिन<br>- देवी देवता मन्दिरका आस्थावानहरू बताउन<br>- पुराना पाटी, पौवा आदिको नाम बताउन | - गा.पा.भित्र रहेका पर्यटकीय स्थल<br>- प्राकृतिक सम्पदाभित्र, एभरेस्ट भ्यूटप, विभिन्न छाङ्गा झरना आदि<br>- सांस्कृतिक सम्पदागाईखुर, मिनासिका भित्ते ढुङ्गा | - गाउँपालिकाभरि रहेका विभिन्न प्राकृतिक सम्पदाहरूको तस्विर चित्र,पोस्टर वा श्रब्य दृश्य सामग्री मार्फत प्रष्ट पार्ने<br>- गाउँपालिकाभित्र रहेका किंवदन्तीमा आधारित सांस्कृतिक सम्पदाको चित्र पोस्टर मार्फत प्रष्ट वनाउने | - गाउँपालिका भरि रहेका प्राकृतिक सम्पदाहरू केके हुन्?<br>- चित्र,पोस्टर देखाएर चिन्न लगाउने<br>- चित्रमा देखाएर अवस्थितिबारे सोध्ने | २४ |
| ५. | स्वास्थ्य, सरसफाइ र खेलकुद | - नियमित सरसफाइतथा नुहाइधुवाइ गर्न<br>- गुलियो खानुको बेफाइदा बताउन<br>- फोहोर धुलामानखेल्ने बानी बसाल्न<br>- खाना खानुअघि शौचालय पछि हात धुने बानी बसाल्न<br>- साधारण पी.टी. र कवाज अभ्यास गर्न | - दैनिक स्वस्थ्य नित्य कर्म<br>- ताजा खानेकुरा र यसका फाइदा<br>- ब्यक्तिगत सरसफाइ<br>- बिरामी हुनुको कारण<br>- सामान्य पी.टी.शारीरिक कसरत<br>- स्थानीय खेल | - पोस्टरमा स्वस्थ्य नित्य कर्म देखाउदै अपनाउनेबारेप्रस्त्याउने<br>- वासी खानेकुरा र ताजा खानेकुराको असर सोध्ने र प्रस्त्याउने<br>- व्यक्तिगत सरसफाइबारे छलफल गराउने<br>- सामान्य पी.टी. र कसरत गराउने<br>- स्थानीय खेलको नाम बताउने र सोध्ने | - पोस्टरमा असल र खराब बानीको कुन कुन हो चिन्नुहोस।<br>- मानिस किन बिरामी पर्छ?<br>- सामान्य पी.टी. र कसरत ले के के फाइदा दिन्छ?<br>- स्थानीय खेलहरूमा खेलिने नियमको बारेमा बताउनुहोस्। | २२ |

| क्र.स. | क्षेत्र\ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियापकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६. | पशुपालन तथा व्यवसाय | - घरपालुवा जनावरको परिचय दिन<br>- घरपालुवा पशुचौपायाको फाइदा उल्लेख गर्न<br>- पशुचौपायालाई खुवाउने कुरा र तिनको प्राप्तिबारे बताउन<br>- घाँसका प्रकार उल्लेख गर्न<br>- व्यावसायिक डाले घाँसको परिचय दिन<br>- वडा कृषि रहेको ठाउँ भन्न | - पशुचौपायाबस्ने ठाउँर खानेकुरा<br>- घाँसः भुईघाँस, डालेघाँस, हरियो\सुकेको घाँस<br>- कृषि शाखाः स्थान र काम | - पशुचौपायाको नाम,बस्ने ठाउँ,खानेकुराबारे छलफल गराउने<br>- चित्र पोस्टरबारेप्रस्त्याउने<br>- घाँसको प्रकारबारे चिनाउन,चित्र पोस्टर प्रदर्शन गरेर र क्षेत्र भ्रमण गराउने<br>- वडा कृषि शाखा कार्यालयबारेबताउने | - विद्यार्थीको घरमा के के पशु जनावरहरूछन् भन्न लगाउने<br>- पोस्टरमा भुइँघाँस र डाले घाँसबारे छुट्याउन लगाउने | २३ |
| ७. | स्थानीय आर्थिक क्रियाकलाप | - गाउँवासीहरूले अपनाएका मुख्य पेसाहरूको सूची निर्माण गर्न<br>- उत्पादित कृषिजन्य उपजहरूको परिचय दिन<br>- दैनिक / साप्ताहिक किनमेल हुने ठाउँ वा बेच्ने ठाउँको महत्त्व बताउन<br>- परम्परागत पेसा पहिचान गर्न<br>- व्यावसायिक र निर्वाहमुखी पेसाबिचको फरक प्रस्तुत गर्न | - बालबालिकालाई आफ्नो वुवा आमा के गर्नुहुन्छ?सोध्ने<br>- चित्रमा विभिन्न पेसाकर्मीका बारेमाबताउने<br>- गाउँमा उत्पान हुने कृषि उपजबारे पालैपालो बताउने<br>- उत्पादित कृषि उपजबारे कहाँ बिक्री हुन्छ छलफल गराउने | - गाउँमा विद्यमान पेसाहरू<br>- कृषि व्यवसायबाट उत्पादित कृषि उपजहरू<br>- उत्पादित उपजहरूबिक्री गर्ने स्थानहरू | - तपाईँको वुवा आमा के गर्नुहुन्छ?<br>- तपाईँको खेतबारीमा के के फल्छ?<br>- तपाईँको खेतबारीमा उब्जिएका फलफूल बिक्री गर्नुहुन्छ कि गर्नुहुन्न?<br>- गर्नुहुन्छ भने कहाँ? आदि | २४ |

कक्षा ३

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. हाम्रो लिम्चुङबुङ | - लिम्चुङबुङ गाउँपालिकाको जमिनको स्वरूपबारे सामान्य जानकारी प्रदानगर्न<br>- १ नं. प्रदेशको नक्सामा लिम्चुङबुङ गाउँपालिकापहिचान गर्न<br>- गा.पा.भित्रका मुख्य सडकहरूको नाम बताउन<br>- आफ्नो वडाभित्र रहेको सामुदायिक वनको परिचय दिन<br>- आफ्नो वडाका वडा अध्यक्ष र वडा सदस्यहरूको नाम बताउन<br>- स्वास्थ्य सेवा प्रदायक सरकारी संस्थाको नाम र काम बताउन | - लिम्चुङबुङ गाउँपालिकाको भौगोलिक परिचय<br>- प्रदेश नक्सा र लिम्चुङबुङ<br>- वडा र सामुदायिक वन<br>- लिम्चुङबुङ गाउँपालिका र वडा अध्यक्षहरू<br>- वडास्तरीय स्वास्थ्य चौकी र अवस्थिति | - लिम्चुङबुङ गाउँपालिकाको पाँचओटै वडा र भौगोलिक अवस्था बताइदिने<br>- नक्सामा आफ्नो वडा चिन्न लगाउने<br>- जिल्लाको स्थानीय तह देखिने ठूलो चित्र प्रदर्शन गरि आफ्नो गा. पा. देखाउने<br>- लिम्चुङबुङ गाउँपालिकाको पाँच वटै वडा अध्यक्षहरूको नाम र आफ्नो वडा अध्यक्षको नाम भन्न लगाउने<br>- वडाको स्वास्थ्य चौकी कहाँ छ सोध्ने | - तपाईँ बसेको गाउँ कति नं. वडा मा पर्छ ?<br>- हाम्रो गाउँपालिकामा कति वडा हरू छन् ?<br>- तपाईँको वडा अध्यक्षको नाम के हो ?<br>- तपाईँको स्वास्थ्य चौकीको नाम के हो ? | २२ |
| २.तरकारी तथा फलफूल खेती | - गा.पा.मा लगाइएका व्यावसायिक, तरकारी तथा फलफूल फार्मबारे बताउन,<br>- गाउँ तथा टोलका वडा कृषि प्राविधिक नाम र काम उल्लेख गर्न | - गाउँघरमा पाइने तरकारी तथा फलफूल<br>- बिरुवा,बेर्ना सार्ने समय<br>- उत्पादित उपजकोबिक्री | - गाउँ घरमा पाइने फलफूल तथा तरकारीको नाम छलफल गरी भन्न लगाउने<br>- तरकारी तथा फलफूलको बेर्ना सार्ने उपयुक्त समयबारे नजिकको तरकारी किसानको फर्ममा क्षेत्र भ्रमण गर्ने<br>- उत्पादित उपज कहाँ कसरी बिक्री तथा प्रयोग हुन्छप्रस्ट पार्ने | - आफ्नो गाउँघरको तरकारी तथा फलफूलहरू के-के छन् ?<br>- फलफूल तथा तरकारी कसरी र कुन समयमा रोप्ने ?<br>- उत्पादित फलफूल तथा तरकारी कहाँ कसरी प्रयोग हुन्छ ? | २२ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ३. भाषा, धर्म, कला, संस्कृति र परम्परागत रीतिरिवाज | - वडाभित्र मानिने धर्म, बोलिने भाषा, लगाइने पोसाक पहिचान गर्न<br>- स्थानीय चाडपर्व (तिज, उभौली, उधौली, ल्होसार, माघे सङ्क्रान्तिआदि ) को परिचय दिन<br>- लोकगीत गाउने अभ्यास(स्थानीय लोकगीत, हुर्रा, मारुनी, साकेला) अभ्यास गर्न<br>- स्थानीय लोक नृत्य अभ्यास गर्न | - वडाभित्र मानिआएका सबै धर्महरू<br>- वडाभित्र बोलिने सबै भाषा<br>- वडाभित्र वसोवास गर्ने सबै जातजातिहरू तिनका थरहरू<br>- वडाभित्रका प्रचलित चाडपर्वहरू | - बालबालिकालाइ आफूले मानिआएको धर्म र बोल्ने भाषा भन्न लगाउने,<br>- वडाभित्रका जात जाति र थर थाहा पाउन एक अर्कामा थर साटासाटगरी भन लगाउने<br>- आफ्नो गाउँ घरमा चली आएका विभिन्न संस्कारहरू चित्र वा श्रव्यदृश्यमार्फत प्रस्ट पार्ने, | - बालबालिकाले आफूले मान्ने धर्म र भाषा सोध्ने<br>- तपाईँको गाउँमा कुन कुन थरका मानिसहरू बसोवास गर्छन् ?<br>- गाउँ घरमा कुन कुन चाडपर्व मनाउनु हुन्छ ?<br>- एउटा मन पर्ने लोक गीत गाउनुहोस् । | २३ |
| ४. पर्यटन र पुरातात्त्विक सम्पदा | - पर्यटकीय स्थलहरूको सक्षिप्त चर्चा गर्न (एभरेस्ट भ्युटप, बाराहाजिको शिव मन्दिर, हुरुङ्मा झरना)<br>- प्राकृतिक एवम् सांस्कृतिक क्षेत्रहरूको परिचय दिन | - गाउँपालिकाका पर्यटकीय स्थलहरू मानव निर्मित, प्राकृतिक, धार्मिक स्थलहरू मन्दिर,देवीथान,ककनी<br>- ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | - बालबालिकाहरूलाई पायक पर्ने पर्यटकीय स्थलहरूको भ्रमण मा लैजाने<br>- गाउँपालिका भरिका पर्यटकीयस्थलको पोस्टर,चित्र मार्फत वर्णन गर्ने<br>- वरपरका मन्दिर,ककनीबारे जानकारी दिने | - आफ्नो गाउँ पालिकाभित्रका पर्यटकीय स्थलको नाम भन्नुहोस्।<br>- तिम्रो गाउँ,वडाभित्र रहेका सांस्कृतिक सम्पदा के के हुन् ?<br>- चित्र हेरेर पत्ता लगाऊ-<br>• सिवालय मन्दिर बाराहा<br>• ककनी<br>• एभरेस्टभ्यु टप<br>• हुरुङ्गमा झरना<br>• राकुला झरना आदि । | २४ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ५. स्वास्थ्य, सरसफाइ र खेलकुद | - स्वास्थ्य र सरसफाइको आवश्यकता उल्लेख गर्न<br>- स्थानीय स्वास्थ्यकर्मीको नाम भन्न<br>- स्वस्थ रहन गर्नुपर्ने र गर्न नहुने कार्य बोध र अभ्यास गर्न<br>- पि.टी. र कवाज अभ्यास गर्न<br>- स्थानीय सामान्य खेलको अभ्यास गर्न | - स्वस्थ जीवन<br>• स्वस्थ आचरण<br>• स्वस्थ आहार/भोजन<br>- सरसफाइ<br>• शारीरिक सरसफाइ<br>• लुगा, झोलाको सरसफाइ<br>- स्थानीय खेल<br>• एक्लै खेलिने<br>• समूहमा खेलिने | - स्वस्थ व्यक्ति कस्तो हुन्छ भन्ने विषय मा बालबालिकालाई छलफल गराउने<br>- सफा र ताजा खानेकुरा सम्बन्धि जानकारी गराउने<br>- उनीहरूको सरसफाइ<br>- क्रियाकलापबारे सोध्ने<br>- बालबालिकाहरूलाई सरसफाइको महत्त्वबारे प्रकाश पार्ने<br>- स्थानीय खेलहरू संयुक्त एकल रूपमा खेलिने के के पर्छन छलफल गर्ने र पोस्टरहरूमार्फत प्रस्त्याउने | - स्वास्थ्य व्यक्ति हुन् के गर्नुपर्छ ?<br>- तपाईँ कति-कति दिनमा नुहाउनुहुन्छ ?<br>- तपाईँ कति खेर दाँत माझ्नुहुन्छ ?<br>- एक्लै खेल्ने खेलहरू के-के हुन् ?<br>- -संयुक्त रूपमा खेलिने खेलहरू के-के हुन् ? | २२ |
| ६.पशुपालन तथा व्यवसाय | - पशुपालनका फाइदा बताउन<br>- पशुपालन गर्दा लाग्ने रोगहरू पहिचान गर्न<br>- पशु आहारबारे बताउन<br>- कृषि शाखाबाट पाइने वा बजारमा पाइने घाँसहरूमा बिउ,बेर्ना वा हाँगाबारे जानकारी लिन<br>- वडाका कृषि तथा पशु प्राविधिकको काम उल्लेख गर्न<br>- बागबानी, कृषि शाखाले दिएका घाँसका नाम बताउन | घरमा पालिने पशुपक्षीको नाम<br>• दुधका लागि<br>• मासुका लागि<br>• मलका लागि<br>- पशु आहाराः हरियो घाँस, सुकेको घाँस<br>- वडा पशु शाखा | - बालबालिकालाई पशु चौपायाको नाम भन्न लगाउने<br>- विभिन्न प्रयोजनका लागि पालिएका पशुचौपायाको विषयमा परियोजना कार्य गर्न लगाउने,<br>- पशु आहारबारे सचित्र स्पस्ट बनाउने<br>- हरियो र सुकेको घाँसको फरक वताई दिने<br>- डाका पशुप्राविधिकको काम उल्लेख गर्न लगाउने | - आ-आफ्ना घर,टोलमा पालिएका पशु चौपायाका नाम भन्नुहोस्।<br>- चित्र हेरेर यिनीहरूको प्रयोग वा उपयोगिता बताउनुहोस् ।<br>- पशुचौपायाको आहारा के-के हुन् ?<br>- वडाको पशु प्राविधिकको नाम र उनले गर्ने काम के हो ? | २३ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| ७. स्थानीय आर्थिक क्रियाकलाप | - गाउँ टोलमा प्रचलित हस्तकलाका समान पहिचान गर्न<br>- स्थानीय स्तरमा उत्पादित अन्न,फलफूलको महत्त्व उल्लेख गर्न<br>- व्यावसायिक फर्म तथा संस्थाको परिचय दिन<br>- गाउँ घरमा खरिद बिक्रीको प्रक्रिया कसरी चलिरहन्छ त्यसको जानकारी लिन | - हस्तकला<br>• डोको,डालो,चोया<br>• राडी, खाँडी,धागो<br>• हलो,जुवा<br>- पेसा तथा व्यावसाय<br>• अन्न बाली<br>कृषि उत्पादन र बिक्री केन्द्र | - बालबालिकाहरूलाई क्षेत्र भ्रमण मार्फत हस्तकलाबाट बनेका सामग्रीहरू चिनाउने<br>- गाउँमा बसिआएका मानिसहरूको पेसाका बारेमा छलफल गराउने<br>- गाउँघरमा उत्पादन हुने अन्न बालीहरू र तिनको प्रयोग तथा बिक्रीबारे जानकारी दिने | - तपाईँको गाउँ घर मा चोया बाट बन्ने समानहरू के-के हुन् ?<br>- तपाईँको गाउँमा सबैभन्दा कुन पेसामा आबद्ध मानिस धेरै छन् ?<br>- गाउँ घरमा उत्पादन हुने अन्न बालीहरू के-के हुन् ? | २४ |

कक्षा ४

| क्र.सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. | हाम्रो लिम्चुङबुङ | - गाउँपालिकाको नाम, भौगोलिक अवस्था<br>- गाउँपालिकाभित्रका वडाहरूको संख्या र आफू बस्ने वडाको परिचय<br>- गाउँपालिकाभित्रका मुख्य बाटाघाटाको पहिचान<br>- गाउँपालिकाभित्रका वन/जङ्गल, खोलानाला र नदीपरिचय | - लिम्चुङबुङ गाउँपालिकाको परिचय<br>- लिम्चुङबुङ गाउँपालिकाकोभित्र रहेको वडा संख्या र वडा कार्यालयको ठेगाना<br>- लिम्चुङबुङ गाउँपालिकाको खोला, नाला, जङ्गल | - लिम्चुङबुङ गाउँपालिकाको परिचय दिन सिकाउने<br>- लिम्चुङबुङ गाउँपालिकामा रहेको वडाको संख्या र वडा कार्यालयको ठेगाना बताउने<br>- लिम्चुङबुङ गाउँपालिका रहेको सडक बाटाघाटाका बारे बताउने<br>- लिम्चुङबुङ गाउँपालिकामा रहेको मुख्य नदीनाला,वन जङ्गलहरूबारे बताउने | - लिम्चुङबुङ गाउँपालिकाको परिचय दिनुहोस् ।<br>- तपाईंको गाउँपालिकामा कतिओटा वडाहरूछन् ?<br>- तपाईंको गाउँपालिकाका वडाहरूको ठेगाना बताउनुहोस् ।<br>- गाउँपालिकाभित्र रहेका मुख्य सडक तथा बाटाघाटाहरूभन्न लगाउने<br>- गाउँपालिकाभित्र रहेको मुख्य नदीनाला र वन जङ्गलहरूका बारे भन्न लगाउने | १५ |

| क्र. सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २. | तरकारी तथा फलफूल खेती | - तरकारी बालीको वर्गीकरण (जमिनमाथि र जमिनमुनि फल्ने, हिउदे,वर्षे, र बेमौसमी, जरा, फल, पात, फुल,र डाँठ खाने<br>- स्थानीय स्तरमा पाइने फलफूल (सुन्तला, कागती,केरा,आँप,लिची, किवी,निबुवा आदि )<br>- तरकारी तथा फलफूल खेतीलाई हिफाजत र बार बन्देज नलगाएमा हुने नोक्सानी<br>- तरकारी तथा फलफूलको बिउ बिजन,बेर्ना,नर्सरी तथा कलमी गर्ने तरिका<br>- तरकारी तथा फलफूलको खेती गर्ने औजार तथा थोपा सिंचाई (कोदालो, कुटो, हँसिया, हजारी आदि )<br>- हरियो सागपात र फलफूलको महत्त्व तथा फाइदा<br>- स्थानीय क्षेत्रमा हुने फलफूलको सूची | - तरकारी बालीको वर्गीकरण (हरियो सागसब्जी, जरा, फल,डाँठ,फूलखाने, जमिनमुनि, जमिन माथि र मौसम अनुसर फल्ने )<br>- फलफूलहरूमा (सुन्तला कागती, निबुवा, अम्बा, लिची, किवी, आँप, नासपाती, स्याउ, अनार ) मौसमअनुसार फल्ने फलफूलहरू<br>- स्थानीय समुदायमा तरकारी र फलफूल खेती गर्दा, तरकारीको बिउ,बेर्ना,कलमी तथा नर्सरी तयार गरी रोप्ने वा फलाउने तरिका<br>- तरकारी र फलफूल खेती गर्दा प्रयोग गरिने स्थानीय औजार कोदालो,कुटो, हँसिया, हजारी, आदि<br>- तरकारी तथा फलफूल खेती जोगाउनबाट बन्देज लगाउने, किराफट्याङ्ग्रा (किटपतङ्ग) हरू बाट बचाउने तरिकाहरू<br>- हरियो सागसब्जीको सेवनबाट हुने फाइदा<br>- हरियो साग सब्जी उत्पादन गरी बिक्रीबाट पाइने फाइदा | - आफ्नो घर र वरपर छिमेकमा गरिने तरकारी खेती अवलोकन गर्न लगाउने र स्थानीय स्तरमा पाइने तरकारीहरूको नमुना सङ्कलन गर्न लगाउने<br>- तरकारी बालीको वर्गीकरण गर्न लगाउने<br>- आफ्नो गाउँघरमा पाइने फलफूलको सूची बनाउन लगाई अवलोकन गरेर फल्ने मौसमका बारेमा बताउने<br>- विद्यार्थीहरूलाई स्थानीय समुदायमा तरकारी तथा फलफूलको खेती गर्दा प्रयोग गरिने बिउ,बेर्ना, कलमी गर्ने कामको अवलोकन र रिपोर्ट गराउने<br>- स्थानीय तरकारी खेती गर्दा प्रयोग गरिने औजारहरूको नाम भन्न लगाई टिपोट गराउने<br>- तरकारी तथा फलफूललाई जोगाउन बाट बन्देज गर्ने तरिका र कीटपतङ्ग / किरा लाग्न नदिने उपायहरूको सामान्य चर्चा गर्ने<br>- हरियो सागसब्जीको सेवनबाट स्वास्थ्यमा हुने फाइदाका बारे बताउने | - आफ्नो घर र वरपर छिमेकमा पाइने तरकारी बालीहरूको सूची बनाउन लगाउने<br>- तरकारी बालीहरूको सूची तयार गरी वर्गीकरण गर्न लगाउने<br>- आफ्नो घर र वरपर छिमेकमा पाइने फलफूलहरूको सङ्कलन र नाम भन्न लगाउने<br>- संकलित फलफूलहरूको सङ्कलन र नाम भन्न लगाउने<br>- संकलित फलफूलहरूको फल्ने समय तथा मौसमबारे सोध्ने,<br>- स्थानीय स्तरमा पाइने तरकारी फलफूलहरूको खेती गर्दा कुनकुन तरकारी फलफूलहरूको बिउ वा बेर्नाबाट रोपिन्छ ?<br>- तरकारी तथा फलफूल खेती गर्दा प्रयोग गरिने औजारको नाम सोध्ने<br>- तरकारी खेती तथा फलफूल खेतीलाई जोगाउने उपायहरू केके हुन् ?<br>- आफ्नो घर र वरपर छिमेकमा पाइने साग सब्जीको नाम भन्न लगाउने | ३९ |

| क्र. सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | - हरियो सागसब्जीहरूको नाम सङ्कलन तथा तरकारी खेती भएको स्थानमा अवलोकन गर्न जाने<br>- फलफूलबाट हुने फाइदा<br>- फलफूलहरूको नाम सङ्कलन र फलफूल हुने स्थानमा स्थलगत अवलोकन भ्रमण गरी फलफूलका बारेमा बताउन | - हरियो सागसब्जी उत्पादन गरी बिक्री वितरण गरेर आम्दानीबारे बताउने<br>- हरियो सागसब्जीको वर्गीकरण तथा नाम बताउने<br>- फलफूलको विभिन्न प्रकारबारे भन्ने<br>- फलफूलको सेवनबाट हुने फाइदा र बिक्री वितरणबाट हुने आम्दानीबारे बताउने | - हरियो सागसब्जीको सेवन बाट हुने फाइदाहरू भन्न लगाउने<br>- फलफूलको नाम लेख्न लगाउने<br>- आफ्नो घर वा छिमेकमा रोपेको फलफूलको वर्गीकरण गरी फलफूलको सेवनबाट हुने फाइदाबारे भन्न लगाउने | |
| ३. | भाषा, धर्म, कला, संस्कृति र परम्परागत रीतिरिवाज | गाउँपालिकाभित्रबोलिने विभिन्न भाषा<br>गाउँपालिकाभित्र मनाइने चाडपर्वहरू<br>स्थानीय मौलिक वेशभूषाहरू<br>हाम्रो संस्कृति (साकेला नाच, हुर्रा नाच, बालन नाच,मारुनी नाच, सँगिनी नाच, सेलो नाच....आदि<br>गाउँपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय<br>वडाभित्रको धार्मिक तथा सांस्कृतिक स्थलको परिचय | - बैशाखे र मङ्सिरे पूर्णिमामा नाचिने साकेला नाचको परिचय<br>- माघे सङ्क्रान्तिको समयमा नाचिने हुर्रा नाचको परिचय<br>- लिम्चुङबुङ गाउँपालिकाभित्र बोलिने विभिन्न जातिमा भाषा, चाम्लिङ, मगर, तामाङ भाषीका बारे जानकारी दिन<br>- लिम्चुङबुङ गाउँपालिकाभित्र मनाइने चाडपर्वहरू<br>- लिम्चुङबुङ गाउँपालिकाभित्र बसोवास गर्ने विभिन्न जातजाति समुदायहरूले अपनाउने पेसा र लगाउने वेशभूषाहरू<br>- लिम्चुङबुङ गाउँपालिकाभित्र विभिन्न संस्कृतिक चाडपर्वहरू | - साकेला नाच लगायत अन्य जाति विशेषका नाचहरूबारे जानकारी दिने र अभिनय साथै ती नाचहरू आयोजना भएको समयमा प्रत्यक्ष अवलोकन गराउने<br>- गाउँपालिकाभित्र बोलिने भाषाका बारे सूची बनाउन लगाउने<br>- चाडपर्वहरूको सूची तयार गर्ने<br>- विभिन्न जातजातिहरूले लगाउने वेशभूषाका बारेमा जानकारी दिने<br>- गाउँपालिकाभित्र बसोवास गर्ने समुदायहरूले मनाउने सांस्कृतिक पर्वहरूका बारे बताउने | - साकेला र हुर्रा नाच कहिले मनाइन्छ ?<br>- गाउँपालिकाभित्र कुनकुन भाषा बोलिने गरेको गरिएको छ ?<br>- गाउँपालिकाभित्र बसोवास गर्ने समुदायले मनाउने चाडपर्वहरू कुन कुन हुन् ?<br>- गाउँपालिकाभित्र बसोवास गर्ने जातजातिहरूले कस्तो वेशभूषाहरू लगाउछन् ?<br>वेशभूषाको नाम लेख्न लगाउने<br>- सांस्कृतिक पर्वहरूको नाम भन्न लगाउने | १५ |

| क्र. सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४. | पर्यटन र पुरातात्त्विक सम्पदा | - गाउँपालिकाभित्र रहेको पर्यटकीय स्थल तथा पुरातात्त्विक सम्पदाहरूको परिचय (एभरेस्ट भ्यु टप, यलम्बर पार्क, सुनकोसीनदी आदि) | - पर्यटकीय स्थल र पुरातात्त्विक सम्पदा र यसको महत्त्व<br>- गाउँपालिकाभित्र रहेको पर्यटकीय र पुरातात्त्विक सम्पदाहरू<br>- वडाभित्रका आर्थिक स्थलहरूको अवलोकन तथा स्थलगत भ्रमण गरि परिचय | - गाउँपालिका हाल रहेको पर्यटकीय स्थलको चित्र देखाई परिचित गराउने<br>- पर्यटकीय स्थल तथा पुरातात्त्विक सम्पदाको अवलोकन गराई अवस्था र महत्त्वबारे छलफल गराउने<br>- त्यस्ता पर्यटकीय स्थल र पुरातात्त्विक सम्पदाको संरक्षण र संवर्द्धन गर्नेबारे छलफल गराउने<br>धार्मिक स्थलहरूको नाम भनेर चिनाउने | - गाउँपालिकाभित्र र नजिक रहेका पर्यटकीय स्थलहरूको नाम भन्न लगाउने<br>- आफ्नो गाउँघर तथा समुदायमा भएका पुरातात्त्विक सम्पदाको नाम भन्नुहोस् ।<br>- पुरातात्त्विक सम्पदा र पर्यटकीय स्थललाई जोगाउन केके गर्नुपर्छ ? | १५ |
| ५. | स्वास्थ्य, सरसफाइ र खेलकुद | - स्वस्थ र अस्वस्थ भोजनको पहिचान र भिन्नता<br>- स्वस्थकर खाना प्रयोग गर्ने तरिका र फाइदा<br>- सहि समयमा उपयुक्त तरिकाले बस्ने, सुत्ने र उठ्ने तरिकाको अभ्यास<br>- योगको सामान्य परिचय<br>- खेल खेल्नाले हुने फाइदा | - स्वस्थ र अस्वस्थ भोजनको पहिचान र भिन्नता<br>- अस्वस्थ खानाबाट हुने वेफाइदा<br>- स्वस्थ खना खाने तरिका<br>- दैनिक रूपले उठ्ने र बस्ने र सुत्ने तरिका<br>- दैनिक रूपमा खेल खेल्दा गर्नुपर्ने अभ्यास र फाइदा | - स्वस्थ र अस्वस्थ (खाना) भोजनको छुट्टाछुट्टै सूची बनाउने<br>- स्वस्थ भोजनको फाइदा र अस्वस्थ भोजनको वेफाइदाबारे छलफल गर्ने<br>- स्वस्थ खाना खाने/प्रयोग गर्ने तरिकाका बारेमा छलफल गर्ने<br>- दैनिक रूपमा गरिने उठ, बस र सुत्ने तरिकाबारे छलफल गर्ने<br>- दैनिक रूपमा खेल खेल्दा फाइदा र अभ्यास गर्दा हुने फाइदा र ख्याल गर्नुपर्ने कुराहरूका बारे छलफल गर्ने | - स्वस्थ र अस्वस्थ भोजन छुट्याउन लगाउने<br>- स्वस्थकर भोजन फाइदाबारे भन्न लागउने<br>- खेलखेल्दा हुने फाइदाबारे भन्न लगाउने<br>- राति सुत्ने र बिहान उठ्ने समयबारे भन्न लगाउने<br>- सरसफाइबारे छलफल गरि भन्न लगाउने | १५ |

| क्र.सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६. | पशुपालन तथा व्यवसाय | - आफ्नो वडा र छिमेकी वडाभित्र रहेको पशुपालन व्यवसाय (वासस्थान, खाना र सरसफाइको अवस्था )<br>- पशुपालन व्यवसायको महत्त्व तथा फाइदा | - आफ्नो वडामा रहेको पशुपालन व्यवसायको प्रत्यक्ष अवलोकन (वासस्थान, खाना र सरसफाइको अवस्था)<br>- पशुपालनको महत्त्व<br>- पशुपालनको फाइदा | - आफ्नो वडाभित्र रहेका पशुपालन (कुखुरा,बङ्गुर,बाख्रा आदि)व्यवसायको अवलोकन गरी वासस्थान, खाना र सरसफाइको अवस्थाबारे छलफल गराउने<br>- पशुपालनको फाइदाबारे कक्षा कोठामा छलफल गराउने<br>- पशुपालनको महत्त्वबारे छलफल गराई स्पष्ट पार्ने | - तपाईंको वडामा पशुपालन अन्तर्गत कुन पशुपालन व्यवसाय रहेको छ ?<br>- घरपालुवा जनावरको नाम बताउन लगाउने<br>- पशुपालन गर्दा हुने चारओटा फाइदाहरू भन्न लगाउने<br>- पशुपालनको महत्त्वबारे भन्न लगाउने | १४ |
| ७. | स्थानीय आर्थिक क्रियाकलाप | - स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री (जाल,डोको,नाम्लो,थुन्से/ सोली,खाँडी बुनाइ, कुचो आदि)<br>- स्थानीय परम्परागत प्रविधिको परिचय (ढिकी, जाँतो, कोल, मधानी,ठेकीआदि)<br>- स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान तथा उत्पादित वस्तुहरूको बजारीकरण | - स्थानीय स्तरमा निर्मित हस्तकला सामग्रीका नाम निर्माणका लागि आवश्यक सामग्री<br>- स्थानीय परम्परागत प्रविधिकोको पहिचान र प्रयोग<br>- घर तथा वरपरको समुदायमा उत्पादन भएको वस्तुको बजारीकरण / किनवेच | - आफ्नो वडामा निर्माण गरिने हस्तकलाको नाम टिपोट गर्ने<br>- हस्तकलाका लागि चाहिने सामग्रीको नाम सङ्कलन गर्ने<br>- हस्तकला निर्माण हुने स्थानमा अवलोकन भ्रमण गराउने<br>- आफ्नो वडामा रहेको परम्परागत प्रविधि (ढिकी,जाँतो, कोल, चर्खा, तान बुन्ने सामग्रीको स्थलगत अवलोकन गराई परिचित गराउने<br>- उत्पादित हस्तकला सामग्रीकोको किनवेच बजारीकरणबारे छलफल गराउने | - आफ्नो वडामा निर्माण गरिने हस्तकला सामग्रीको सूची तयार गर्न लगाउने<br>- हस्तकलाका लागि चाहिने सामग्रीको नाम टिपोट गर्न लगाउने<br>- परम्परागत प्रविधिबारे धारणा बताउन लगाउने<br>- उत्पादित हस्तकलाको किनबेचबारे बताउन लगाउने | १५ |

कक्षा ५

| क्र.सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. | हाम्रो लिम्चुङ्बुङ | - गाउँपालिकाको नामकरणको कारण र पृष्ठभूमि<br>- गाउँपालिकाको वडा कार्यालय ठेगाना र दिने सेबाको किसिम<br>- गाउँपालिकाभित्रका मुख्य बस्तीहरू, सडक, बाटाघाटा परिचय र महत्त्व<br>- गाउँपालिकाभित्रका रहेका विभिन्न सरकारी सङ्घसंस्थाहरू र तिनीहरूको सेवा | - लिम्चुङ्बुङ गाउँपालिकाको परिचय<br>- लिम्चुङ्बुङ गाउँपालिकाकोभित्र रहेको वडा संख्या र वडा कार्यालयको ठेगाना<br>- लिम्चुङ्बुङ गाउँपालिकाको खोला, नाला,जङ्गल<br>- गाउँपालिकाभित्रका वडाहरू जोड्ने सडक तथा बाटाघाटाहरू<br>- गाउँपालिकाभित्र रहेका सरकारी कार्यालय सङ्घ संस्थाहरू र प्रवाह गर्ने सेवा | - लिम्चुङ्बुङ गाउँपालिकाको परिचय दिने<br>- लिम्चुङ्बुङ गाउँपालिकामा रहेको वडाको संख्या र वडा कार्यालयको ठेगाना बताउने<br>- लिम्चुङ्बुङ गाउँपालिकामा रहेको सडक बाटाघाटाका बारे बताउने<br>- लिम्चुङ्बुङ गाउँपालिकामा रहेको मुख्य नदी, खोलानाला,वनजङ्गलबारे बताउने<br>- गाउँपालिकामा रहेको सरकारी कार्यालयको नाम र सेवा दिने काम साथै सङ्घ संस्थाको नाम बताउने | - लिम्चुङ्बुङ गाउँपालिकाको परिचय दिनुहोस् ।<br>- तपाईंको गाउँपालिकामा कतिओटा वडाहरू छन् ?<br>- तपाईंको गाउँपालिकामा रहेको सरकारी कार्यालयको नाम भन्नुहोस्।<br>- गाउँपालिकाभित्र रहेको मुख्य नदी नाला र वन जङ्गलहरूका बारे भन्न लगाउने | १५ |

| क्र.सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २. | तरकारी तथा फलफूल खेती | - तरकारी बालीको वर्गीकरण<br>- करेसावारिको प्रयोग<br>- स्थानीय स्तरमा पाइने फलफूलको नाम र उत्पादनको अवस्था<br>- तरकारी तथा फलफूल खेतीलाई बन्देज नलगाएमा हुने नोक्सानी<br>- नर्सरी र कलमी गर्ने तरिका<br>- तरकारी तथा फलफूल खेती गर्दा ध्यान दिनुपर्ने कुराहरू ( जग्गा छनौट र तयारी, हावापानी र मौसम, माटो परिक्षण आदि )<br>- हरियो सागपात तथा तरकारीहरूको सूची बनाउन<br>- फलफूल खेतीको महत्त्व (औषधिको रूपमा,स्वस्थ खानाको रूपमा, आर्थिक महत्त्वको रूपमा<br>- हरियो सागपात तथा तरकारीको अवश्यकता र महत्त्व | - आफ्नो घर र छिमेकमा पाइने तरकारीहरूको वर्गीकरण (हरियो सागसब्जी, जरा, डाँठ, फूल, जमिनमुनि, जमिनमाथि र मौसमअनुसारको )<br>- करेसाबारीमा उत्पादन गर्न सकिने तरकारीहरू<br>- स्थानीय स्तरमा पाइने फलफूलहरूको वर्गीकरण (मौसमअनुसार ठाउँअनुसार,बेमौसमी आदि<br>- तरकारी खेती तथा फलफूल खेतीलाई संरक्षण गर्नका लागि अपनाइने उपायहरू<br>- तरकारी तथा फलफूलको बेर्ना, नर्सरी, बिउ, बिजन, र कलमीबारे छलफल<br>- तरकारी तथा फलफूल खेती गर्नका लागि उपयुक्त ठाउँ, माटो, मौसम<br>- स्थानीय क्षेत्रमा पाइने हरियो सागसब्जिहरूको फाइदा र महत्त्व (स्वस्थ, खाद्य, आर्थिक) | - आफ्नो घरमा उब्जनी हुने तरकारीको सङ्कलन तथा स्व: अवलोकन गराउने र छिमेकमा पाइने तरकारीको नाम टिपोट गराउने<br>- टिपोट गरिएका तरकारीहरूको वर्गीकरण गर्ने गराउने<br>- करेसाबारीमा उब्जाइएका तरकारीहरूको नाम/सूची बनाउने<br>- फलफूलको नाम सूची तयार गरी उत्पादन हुने अवस्था<br>- तरकारी खेती तथा फलफूल खेतीलाई संरक्षण गर्न अपनाइने उपायहरू बार लगाउने, टनेल बनाउनेबारे छलफल तथा स्थलगत अवलोकन गराउने<br>- तरकारी तथा फलफूल खेतीका लागिबेर्ना, नर्सरी, बिउ, बिजन, र कलमीबारे बताउने र नर्सरी तथा बेर्नाको अवलोकन गराउने<br>- तरकारी तथा फलफूल खेतीका लागि उपर्युक्त ठाउँ, माटो, तथा मौसम जस्तो गर्मि, जाडो, मलिलो, रातो माटो, ओसिलो,हिउँद, वर्षा आदिका बारे बताउने | - आफ्नो घर र वरपर छिमेकमा पाइने तरकारी बालीहरूको सूची बनाउन लगाउने<br>- करेसाबारीको परिचय दिन लगाउने ।<br>- फलफूलहरूको वर्गीकरण गरी मौसम र ठाउँअनुसार पाइने फलफूलहरूको सूची बनाउन लगाउने<br>- तरकारी तथा फलफूल खेतीलाई बचाउन के गर्नुपर्छ ?<br>- तरकारी तथा फलफूल खेती लगाउदा के कसरी लगाउन सकिन्छ ?<br>- सागसब्जी रोप्नका लागि कुन महिना राम्रो हुन्छ ?<br>- जाडो महिनामा फल्ने फलफूलको नाम भन्नुहोस्।<br>- हरियो सागसब्जीको सूची तयार गर्नुहोस् ।<br>- हरियो सागसब्जीको चारओटा फाइदा बताउनुहोस् । | ३९<br>१३<br><br>१३ |

| क्र.सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | - स्थानीय क्षेत्रमा पाइने फलफूलहरूको सुची<br>- फलफूल खेतीको फाइदा र महत्त्व(स्वास्थ्य, आर्थिक, खाद्य प्रयोग) | - स्थानीय क्षेत्रमा पाइने हरियो सागपातहरूको नाम तथा सूची बनाउने र नजिकैको करेसाबारीमा गई अवलोकन गर्ने र नाम सङ्कलन गर्ने<br>- हरियो सागपातको सेवनले स्वास्थ्यको हिसाबले र हरियो सागपातको उत्पादनबारे आर्थिक फाइदा लिने कार्यका बारे छलफल<br>- फलफूलको खेती तथा उत्पादन बाट हुने फाइदा र महत्त्व | - स्थानीय क्षेत्रमा पाइने फलफूलको सुची तयार पार्नुहोस्।<br>- फलफूल खेतीको चारओटा फाइदा बताउनुहोस्। | |

| क्र.सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३. | भाषा, धर्म, कला, संस्कृति र परम्परागत रीतिरिवाज | - गाउँपालिकाभित्रका समुदायमा प्रचलित रीतिरिवाज र परम्पराको महत्त्व<br>- गाउँपालिकाभित्रका धार्मिक तथा सांस्कृतिक स्थलको संक्षिप्त परिचय<br>- आफ्नो समुदायका जन्म, मृत्यु, विवाह संस्कारको परिचय<br>- गाउँपालिकाभित्र मनाइने सांस्कृतिक पर्वहरूमा प्रयोग गरिने बाजा र लगाइने वेशभूषाहरूको सूची | - स्थानीय क्षेत्रमा पाइने प्रचलित नाच (वालन,सेलो, हुर्रा, साकेला) को जानकारी<br>- आफ्नो समुदायको परम्परागत रीतिरिवाजको छलफल तथा सूचना सङ्कलन<br>- लिम्चुङबुङ गाउँपालिकाभित्र बसोवास गर्ने जातजातिहरूको वेशभूषा<br>- लिम्चुङबुङ गाउँपालिकाभित्र रहेका समुदायहरूको विवाह संस्कारको जानकारी<br>- आफ्नो समुदायको जन्म, मृत्यु संस्कार (न्वारन, पास्नी,छेवर, गुन्यूचोली, नुनतेल, बर्खी,आदि) का बारे छलफल तथा अवलोकन<br>- आफ्नो समुदायमा मानिसहरूले लगाउने वेशभूषा | - स्थानीय क्षेत्रमा प्रचलित नाचहरूका बारेमा छलफल र नाच आयोजना भएको समयमा अवलोकन एवम् श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने गराउने<br>- आफ्नो समुदायको परम्परागत रीतिरिवाजहरूबारेमा छलफल गराउने<br>- आफ्नो समुदायको विवाह संस्कारका बारेमा भन्न लगाउने र चित्र एवम् दृश्य सामग्रीको साथै विवाह आयोजना स्थलको अवलोकन भ्रमण गर्ने गर्न लगाउने<br>- आफ्नो समुदायको जन्म, मृत्यु, संस्कारका बारेमा देखेको, सुनेको र प्रत्यक्ष अवलोकन गरी बुझेको कुराहरू आपसमा छलफल गराउने साथै चित्र, श्रव्यदृश्य एवम् अवलोकन भ्रमण गर्ने गराउने<br>- आफ्नो समुदायमा रहेको मानिसहरूले लगाउने वेशभूषा | - तपाईंको समुदायमा रहेको संस्कार, रीतिरिवाज (जन्म, मृत्यु, विवाह) को परिचय दिनुहोस् ।<br>- तपाईंको गाउँघरमा नाचिने नाचहरूका बारेमा भन्नुहोस्<br>- तपाईंको समुदायमा रहेको मानिसहरूले लगाउने वेशभूषाबारे बताउनुहोस्। | १५ |

| क्र.सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४. | पर्यटन र पुरातात्त्विक सम्पदा | - गाउँपालिकाभित्रको पर्यटकीय स्थलको परिचय (गाईखुर, मिनासिकाको भित्ते ढुङ्गो, बाराहाजीको मन्दिर, ककनी)<br>- गाउँपालिकाको नजिकै पर्ने पर्यटकीय तथा पुरातात्त्विक सम्पदाहरू ( हलेसी महादेव स्थल, होलेसुङ पार्क, टुवाँचुङआदि) | - गाउँपालिकार वडामा रहेका पर्यटकीय स्थलको सूची<br>- आफ्नो गाउँपालिकाभित्र रहेको पुरातात्त्विक सम्पदाहरूको अवस्था<br>- पर्यटकीय स्थल,पुरातात्त्विक सम्पदाको महत्त्व र संरक्षणका उपाय | - गाउँपालिकाभित्र रहेक पर्यटकीय स्थलहरूको सूची टिपोट गर्ने<br>- पर्यटकीय स्थलहरूको चित्र प्रत्यक्ष अवलोकन भ्रमण गरेर अनुभव साटासाट गर्न लगाउने<br>- पर्यटकीय स्थलको भ्रमण बाट प्राप्त भएको ज्ञान, सूचना आदानप्रदान गरी ति पर्यटकीय स्थलहरूको महत्त्व र संरक्षणको उपाय बताउने<br>- गाउँपालिकाभित्र रहेका पुरातात्त्विक सम्पदाको महत्त्व र संरक्षणको उपाय बताउने | - तपाईँले घुमेको तपाईँको गाउँपालिकाको पर्यटकीय स्थलको नाम बताउनुहोस् ।<br>- आफ्नो समुदायमा भएको पुरातात्त्विक सम्पदाको नाम भन्नुहोस् ।<br>- पर्यटकीय स्थल र पुरातात्त्विक सम्पदालाई जोगाउन के गर्नुपर्छ ? | १५ |
| ५. | स्वास्थ्य, सरसफाइ र खेलकुद | - प्राकृतिक खाना र जङ्कफुडको पहिचान र उपयुक्त तथा स्वस्थ खानाको प्रयोग<br>- विद्यालयमा स्वस्थ खानाको प्रयोग<br>- योगको महत्त्व र योगाभ्यास<br>- खेलको महत्त्व र फाइदा | - विद्यालयमाल्याइने/खुवाइने खाजाको विवरण/परिकार<br>- प्राकृतिक खाजा र जङ्कफूडको भिन्नता, फाइदा, बेफाइदा<br>- खेलकुदको परिचय, महत्त्व फाइदा | - विद्यालयमा खुवाइने दिवा खाजाको परिकारबारे बताउने घरमा बनाइएको खाजा जङ्कफुड तथा प्याकेटमा भएको खाजाको तुलना गरी फाइदा वेफाइदाबारे बताउने<br>- समय समयमा स्वास्थ्यकर्मीको सहयोग लिएर स्वस्थकर खाना तथा पोषणसम्बन्धी जानकारी गराउने<br>- खेलकुदको परिचय, खेलबाट हुने फाइदाबारे बताउने<br>- खेलकुदको महत्त्वबारे बताउने | - विद्यालयमा विद्यार्थीले खानेखाजा स्वस्थकर भए नभएको अवलोकन गराएर<br>- प्राकृतिक खाजाको परिचय र फाइदाबारे भन्न लगाउने ।<br>- स्वस्थकर खान बनाउने र खाने तरिका भन्न लगाउने<br>- खेलकुदको परिचय र महत्त्व भन्न लगाउने<br>- तपाईंलाई कुन खेल मन पर्छ ? | १५ |

| क्र. सं. | क्षेत्र / एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६. | पशुपालन तथा व्यवसाय | - आफ्नो गाउँपालिकाभित्र रहेका पशुपालन व्यवसाय (कुखुरा, बाख्रा, माछा, बङ्गुर पालन) को खाना वासस्थान र सरसफाइको अवस्था<br>- पशुपालनमा रोग लाग्नुको कारण र लाग्ने रोग तथा रोग लाग्न नदिन अपनाउनुपर्ने उपाय<br>- पशुपालनको महत्त्व  तथा फाइदा | - आफ्नो गाउँपालिकाभित्र रहेका पशुपालन व्यवसाय(कुखुरा,बङ्गुर,बाख्रा) को वासस्थान, खाना र सरसफाइको अवस्था<br>- पशुपालनमा लाग्नुका कारण<br>- पशुपालनमा रोग लाग्न नदिने उपाय<br>- पशुपालनबाट हुने फाइदा र महत्त्व | - आफ्नो गाउँपालिकाभित्र रहेको पशुपालन व्यवसाय (कुखुरा, बाख्रा, बङ्गुर) को वास स्थान, खाना, सरसफाइको अवस्थाबारे छलफल तथा प्रत्यक्ष अवलोकन गरी अनुभव आदानप्रदान गर्ने<br>- पशुपालनमा रोग लाग्नुको कारणहरूको सूची बनाउने, रोग लाग्नबाट बच्ने उपायहरूको पनि सूची बनाउने<br>- पशुपालनको कुनै पाँचओटा फाइदा र महत्त्वबारे प्रश्नोत्तर र छलफल गराउने | - तपाईंको गाउँपालिकाभित्र रहेको पशुपालन व्यवसायहरू केके हुन् ?<br>- पशुपालन गर्दा ध्यान दिनुपर्ने सामान्य कुराहरू केके हुन् ?<br>- पशुपालनमा रोग लाग्नुको कारण के होला ?<br>- रोग लाग्न नदिन अपनाउनुपर्ने उपायहरू केके हुन् ?<br>- पशुपालन व्यवसायको चारओटा फाइदाहरू भन्नुहोस् | १४ |
| ७. | स्थानीय आर्थिक क्रियाकलाप | - गाउँपालिकाभित्र कृषि पकेट क्षेत्रहरूको परिचय<br>- परम्परागत हस्तकलाको परिचय, संरक्षण र संवर्द्धन ( खाडी कपडा, बाँसको विभिन्न सामग्री निर्माण)<br>- गाउँपालिकाभित्र उत्पादन हुने नगदे बालीको परिचय र प्रयोग<br>- गाउँपालिकाभित्रका खरिद बिक्री गर्ने स्थलको परिचय | - लिम्चुङ्बुङ गाउँपालिकाभित्रको हस्तकला (डोको, नाम्लो,खाडी कपडा, थुन्से, जाल, ढडिया आदि) सामग्रीका नाम र निर्माण गर्दा चाहिने सामग्री र प्रयोजन<br>- घर तथा समुदायमा उत्पादन हुने कृषि जन्य उत्पादन<br>- उत्पादित कृषिजन्य वस्तु, हस्तकला सामग्रीको किनबेच तथा बजारीकरणको अवस्था<br>- स्थानीय क्षेत्रमा उत्पादन हुने नगदे बालीहरू<br>- परम्परागत प्रविधि (ढिकी,जाँतो, कोल,ओखल ..) हरूको पहिचान तथा प्रयोजन | - हस्तकलाको सामग्रीको प्रदर्शन तथा हस्तकला निर्माण तथा उत्पादन हुने स्थानमा स्थलगत अवलोकन गराउने ।<br>- स्थानीय क्षेत्रमा उत्पादन हुने हस्तकला सामग्रीको सूची बनाउने ।<br>- स्थानीय क्षेत्रमा उत्पादित कृषिजन्य तथा हस्तकलाका सामग्रीको किनबेच तथा बजारीकरणको अवस्थाबारे बताउने ।<br>- स्थानीय क्षेत्रमा उत्पादन हुने नगदे बालीहरू (तोरी, आलु, खुर्सानी, अदुवा, बेसार आदि) को सूची बनाउने र उत्पादन हुने पकेट क्षेत्रको अवलोकन गराउने ।<br>- स्थानीय क्षेत्रमा प्रयोग हुने परम्परागत प्रविधिहरू(ढिकी,जाँतो, कोल, चर्खा, सिलौटो) को चित्र देखाउने, गाउँघरमा भएको प्रविधिहरू देखाई प्रयोग गर्नेबारे बताउने | - गाउँघरमा निर्माण हुने हस्तकलाको सामग्रीको सूची तयार गर्न लगाउने ।<br>- उत्पादित हस्तकलाको सामग्रीको किनबेचबारे बताउन लगाउने ।<br>- स्थानीय क्षेत्रमा पाइने कृषिजन्य वस्तुहरूको सूची बनाउनुहोस् ।<br>- स्थानीय क्षेत्रमा उत्पादन हुने नगदे बालीहरूको सूची बनाउनुहोस् ।<br>- स्थानीय क्षेत्रमा प्रयोग हुने परम्परागत प्रविधिहरूको सूची बनाउनुहोस् ।<br>- परम्परागत प्रविधिको नाम भनी प्रविधिको काम भन्नुहोस् । | १५ |

## ५.शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया

### ५.१ शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया (कक्षा १-३)

आधारभूत तह कक्षा १-३ को सङ्घीय पाठ्यक्रम एकीकृतढाँचामा विकास भएको छ । शिक्षण सिकाइ सहजीकरण गर्दा अन्य विषयसँग मिल्दाजुल्दा विषयवस्तु तथा सिकाइ उपलब्धिलाई सँगसँगै सहजीकरण गर्ने र नमिल्दा विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलबाट जटिलताको आधारमा सिकाइ सहजीकरण गर्नुपर्नेछ । विषय क्षेत्रमा आधारित बहुविषयगत एकीकरणले सिकाइलाई बढि सान्दर्भिक र अन्तरविषयक\अन्तरसम्बन्धित बनाउन सहयोग पुर्याउँछ ।

एकीकृत पाठ्यक्रमको ढाँचामा सिकाइ सहजीकरण गर्नका लागि सिकाइ योजना निर्माण विषयगत सक्षमता र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ । बहुविषयक विषय क्षेत्रमा आधारित भई सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरि निर्धारित विषय क्षेत्रको क्षेत्रगत अवधारणा तथा सिपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ । यसका लागि विद्यार्थीहरूलाई सक्रिय बनाउने, सबैलाई सहभागि गराउने, गरेर छोएर हेरेर चलाएर सिर्जनात्मकताको अभिवृद्धि गर्ने अवसर प्रदान गर्नुपर्छ ।सिकाइ सहजीकरण प्रक्रियाले विद्यार्थीहरूमा उमेर, रुचि, स्तर तथा आवश्यक्तानुसार प्रयोग,सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिप, स्वःव्यवस्थापन, आत्मबल,अनुशासन,जिम्मेवारी अनुकूलता, वैयक्तिक सिप, संचार,सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सिप विभिन्न किसिमका बहुसाक्षरता सिप र नागरिक दायित्वसम्बन्धी सिपहरू प्राप्त गर्न सहयोग गर्नुपर्छ ।

विद्यार्थीको सिकाइको मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रूपमा समावेश गरि विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमकोरूपमा विकास गर्नुपर्छ । न्यूनतम सिकाइ सुनिश्चित गरि प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ क्षमता प्राप्त गरि क्रमशः माथिल्लोस्तरको सिकाइ गर्नसक्ने बनाउन सहयोग गर्नुपर्छ । यो पाठ्यक्रमले कक्षा शिक्षणलाई अनुकूल हुने गरी तयार गरिएता पनि एक भन्दा बढी शिक्षकले एउटै कक्षामा गर्ने भए समूहमा छलफलबाट शिक्षण योजना तयार गरी सिकाइ सहजीकरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकाहरूलाई सिकाइ सहजीकरण क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि कक्षामा यथासम्भव मातृभाषा वा बहुभाषा प्रयोग गर्ने घरपरिवार तथा समुदायमा बोलिने भाषामा सुचना सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ । स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा सामान्यतया निम्न विधिहरूको प्रयोग गर्न सकिन्छः-

शिक्षण विधिहरू

(क) छलफल र प्रश्नोत्तर विधि
(ख) भूमिका निर्वाह तथा अभिनय विधि
(ग) खेल विधि
(घ) कथा कथन तथा गीत
(ङ) प्रदर्शन विधि
(च) खोज तथा समस्या समाधान विधि
(छ) प्रयोगात्मक विधि
(ज) क्षेत्र भ्रमण

### ५.२ शिक्षण सिकाइ सहजीकरण विधि र प्रक्रिया (कक्षा ४-५)

यस स्थानीय विषयको पाठ्यक्रममा समावेश गरिएका विषयक्षेत्र तथा सिकाइ उपलब्धि सरल र सहज तरिकाबाट विद्यार्थीलाई सहजीकरण गर्न र सिकाइ उपलब्धि हासिल गराउन उपयुक्त सिकाइ वातावरण सिर्जना गरी शिक्षक,

विद्यार्थी र विषयवस्तुबिच सक्रिय सहभागिता गराई उनीहरूबिच अन्तरक्रिया गर्ने प्रक्रिया तथा विधि अवलम्बन गर्नुपर्छ। स्थानीय पाठ्यक्रमको विषयवस्तुलाई सिकाइ सहजीकरण प्रक्रियाअन्तर्गत विधार्थीकेन्द्रित, सक्रिय सिकाइ, क्रमिक सिकाइ, परिवेशअनुसारको सान्दर्भिक सिकाइको साथै योजनाबद्द र सिकाइ उपलब्धि उन्मुख एवम् प्रतिफल केन्द्रित हुनुपर्छ । सिकाइ सहजीकरण प्रक्रियामा विधार्थीहरूलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने, रुचि जगाउने तथा उत्साहित गराउने किसिमको हुनुपर्छ । सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थीलाई सक्रिय बनाई सिकाइ क्रियाकलापमा संलग्न हुने र सो समयमा आवश्यक पृष्ठपोषण प्रदानगरी सिकाइ सहजीकरणलाई सुधार गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया सिकारु र सहजीकरणको विविधतालाई सम्मान गर्ने स्थान दिने र सबैलाई समावेश गर्ने समावेशी र समतामूलक सहभागिताको सिद्दान्तमा आधारित हुनुपर्छ । समतामूलक सक्रिय सहभागिता र समावेशीताबाट नै सिकाइ सहजीकरणको प्रक्रियालाई अगाडि बढाउँदा अपेक्षित सिकाइ उपलब्धि सहज सरल तरिकाबाट हासिल हुन सक्छ ।

विविधतायुक्त सिकाइ सहजीकरण विधिबाट शिक्षण सिकाइ क्रियाकलाप गर्दा सिकाइ उपलब्धि हासिल गर्न सहज हुन्छ । सिकाइ सहजीकरण विधि सधैँ एकनास र एउटै प्रक्रिया सबैतिर उपयुक्त नहुने भएकाले एउटै विषयवस्तु सिकाइ सहजीकरणका लागि विभिन्न विधि र प्रविधिलाई अपनाउनुपर्छ । सिकाइ सहजीकरणको क्रममा शिक्षण विधिको छनोट गर्दा सकेसम्म विविधतायुक्त विधिहरूको छनोट गर्नुपर्छ । शिक्षण विधिको चयन गर्दा सिकारु\ विद्यार्थीको पूर्वज्ञान, क्षमता, चाहना, तहगत स्तर, रुचि, वैयक्तिक भिन्नता, विषयवस्तुको प्रकृति लगायत उपलब्ध हुनसक्ने विविध स्रोत साधन, शैक्षिक वातावरणको अवस्था, शिक्षकको रुचि, क्षमता, सक्रियता तथा विषयवस्तुप्रतिको दक्षता र तयारी आदिलाई मध्यनजर गर्नुपर्छ ।

सिकाइ सहजीकरण प्रक्रियामा शिक्षकको भूमिका सहजकर्ताको रूपमा हुनुपर्छ । आधारभूत तह कक्षा ४-५ को यस पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुक्रियाकलापकेन्द्रित तथा प्रयोगात्मक प्रकृतिका भएकाले यसको शिक्षण सिकाइ क्रियाकलाप आधुनिक तथा नवप्रवर्तनात्मक, परियोजना,क्षेत्र भ्रमण विधिमा आधारित हुनुपर्छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुनसक्ने, विषयवस्तुलाई दैनिक जीवनका घटनाक्रमलाई बालबालिकाले विभिन्न व्यवहारकुशल सिप तथा जिवनोपयोगी सिप आर्जन गर्न सक्ने र विद्यार्थीहरूमा रहेको प्रतिभालाई प्रस्फुटन गराउन सहज र सरल हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा बालमैत्री र विद्यार्थी केन्द्रित विधिलाई अनिवार्यरूपमा अपनाउनुपर्छ । स्थानीय विषयको पाठ्यक्रममा विषयवस्तु स्थानीय ज्ञान, सिप, परिवेश, सन्दर्भ रहेकाले सैद्दान्तिक भन्दा प्रयोगात्मक तथा व्यवहारिक प्रक्रियाबाट सिकाइ सहजीकरण गर्दा सिकाइ सरल र दिगो हुने गर्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा सम्भावित निम्नलिखित विधि र तरिकाहरू प्रयोग गर्न सकिन्छः-

शिक्षण विधि

(क) प्रश्नोत्तर विधि

(ख) अवलोकन विधि

(ग) प्रयोगात्मक विधि

(घ) प्रदर्शन विधि

(ङ) समस्या समाधान विधि

(च) क्षेत्र भ्रमण विधि

(छ) छलफल विधि

## ६. विद्यार्थी मूल्याङ्कन

### ६.१ विद्यार्थी मूल्याङ्कन (कक्षा १-३)

सिकाइ सहजीकरण प्रक्रियाको एउटा अङ्गको रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीलाई सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरि विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ ।यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्छ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनका लागि कक्षाकोठाको शिक्षण सिकाइ सहजीकरणको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यक्तानुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराई सोहीबमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन र आवश्यक्तानुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्छ ।

आधारभूत तह कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्छ ।यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीको निरन्तर लेखाजोखा गरि सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ ।पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरणपश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुको साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सिकाइ सुधार हुन नसकेका विद्यार्थीका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरि सिकाइमा सुधार गर्नुपर्छ ।कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइस्तर प्राप्त गर्ने सुनिश्चितता गरि माथिल्लो सिकाइस्तर प्राप्त गर्न सहयोग गर्नुपर्छ । यसबाट विद्यार्थीहरूको कक्षा दोहोर्‍याउने क्रमलाई न्यून गरि शैक्षिक क्षति घटाउन सहयोग पुग्नुको साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने गर्छ ।

(क) मूल्याङ्कनका तरिका र साधन

विद्यार्थीको मूल्याङ्कनलाई वैज्ञानिक तथा विश्वसनीय ढङ्गले व्यवस्थित गर्नका लागि मूल्याङ्कन गर्ने विभिन्न तौर-तरिका र विधिहरू हुन्छन् । मूल्याङ्कनलाई बैध र विश्वसनीय बनाउन विभिन्न परीक्षण र परीक्षणका साधनहरूको प्रयोग गर्नुपर्छ ।परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर, रुचि,स्तर, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थीको सङ्ख्या, कक्षाकोठाको व्यवस्थापन, शिक्षकको क्षमता तथा लगनशीलता जस्ता पक्षको ख्याल गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ ।विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तथा साधनहरूबाट प्राप्त सूचनालाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्छ । कक्षा सहभागिता, कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, तथा विद्यार्थीका कार्य प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्छ । यसका लागि यस पाठ्यक्रममा रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन अभिलेखीकरण फाराम बाट मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विविध विवरण व्यवस्थित तरिकाले राख्ने गरि कार्यसञ्चयिका तयार गरि विद्यार्थीको प्रगति के कति मात्रामा के कसरी भईरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमजोरी हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्छ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नका लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य,कार्य सम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिका अवलम्बन गर्न सकिन्छ । यसका लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।

(ख) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| क्र.सं. | उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|---|
| १. | कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| २. | सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| ३. | राम्रो ( Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल भएको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| ४. | उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

प्रथम चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्छ। मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भए भएन भनी उलिल्खित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्छ । यसरी अभिलेखित सिकाइ स्तर १ वा २ मात्र भए सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुर्‍याउने प्रयास गर्नुपर्छ ।उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्‍याउन सहयोग गर्नुपर्छ । यसरी पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्छ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइपश्चात सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर सहित विषय क्षेत्रगत औषत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसैगरी मुख्य व्यवहार कुशलसिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ ।यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुनेछ । विद्यार्थीको सिकाइ उपलब्धिको अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइ स्तरको सुनिश्चितता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजना गर्नुपर्छ ।

(ग) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि विद्यार्थीलाई जानकारी गराउने, सिकाइ उपलब्धि के कस्तो भयो? किन यस्तो भयो? यसका बारेमा छलफल गर्ने, विद्यार्थीलाई आफ्नो कमी कमजोरीका बारेमा बताई सुधार गर्ने अवसर तथा सुधारको उपायहरू पनि बताउने गर्नुपर्छ।विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई व्यवस्थित गरी अभिलेखीकरण गर्नका लागि उपलब्धि प्रतिशतबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ।मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइस्तरअनुसार १ देखि ४ सम्म श्रेणी मापन गर्नुपर्छ । हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो

भएन भनि यकिन गर्नुपर्छ।यसका लागि एउटा सिकाइ उपलब्धिको परीक्षण गर्न एक भन्दा बढी मूल्याङ्कनका साधन आवश्यक हुन सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकैपटकको परीक्षणबाट एक वा एक भन्दा बढी सिकाइ उपलब्धिको परीक्षण गर्न सकिन्छ । सबै विद्यार्थीले न्यूनतम सिकाइस्तरप्राप्त गरी माथिल्लोस्तरको सिकाइ उपलब्धिको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्छ ।यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइबाट सिकाइ गरी सिकाइ उपलब्धिको स्तरलाई वृद्धिको सुनिश्चित गर्नुपर्छ ।यसका लागि सुधारात्मक सिकाइ पश्चात विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखित गर्नुपर्छ ।प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ४ पुर्‍याउने गरी सुधारात्मक सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ । त्यसैले कुनैपनि विद्यार्थीको सिकाइस्तर १,२ वा ३ मै छाड्न हुँदैन । कुनै विद्यार्थीको सिकाइस्तर १ वा २ भन्दा माथि जान सकेन भने त्यसको पहिचान गरी सुधारात्मक सिकाइगर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ सिकाइ उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो सिकाइ उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्छ ।विषयक्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निकाल्ने सुत्र निम्नानुसार दिइएको छः

**उपलब्धिस्तरको अङ्कको जोड**

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४X मूल्याङ्कन गरिएको सिकाइ उपलब्धि सङ्ख्या}} \text{ X १००}$$

**उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्नेछः-**

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | ( | NG | अवर्गीकृत (Not Graded) |

**(घ) कक्षा १-३ को विद्यार्थी मूल्याङ्कन मापनका आधार**

अभिलेख फाराममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विधार्थीको कार्यसञ्चयिकामा व्यवस्थित गरेर राखी आवश्यक्तानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ ।प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ ।क्षेत्रगत\थिमगत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा मूल्याङ्कनका लागि अवलोकन, मौखिक, लिखित कार्य, कक्षाकार्य, गृहकार्य, छोटा परीक्षा, परियोजना कार्यहरूमध्ये कुनै वा अन्य उपयुक्त मूल्याङ्कनका साधन प्रयोग गर्न सकिन्छ ।विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ ।नियमित सिकाइपश्चात् र थप सहायतापश्चात् । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १,२ वा ३ आएमा थप सहयोग गर्ने हुन्छ र थप सहायतापश्चात् पुनः मूल्याङ्कन गरी उपलब्धिको अभिलेखिकरण गर्नुपर्छ । यसका लागि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीहरूको उपलब्धिस्तरको सही मापन गर्न रुब्रिक्स बनाउन सकिन्छ ।

## ६.२ विद्यार्थी मूल्याङ्कन (कक्षा ४-५)

पाठ्यक्रमले तय गरेका अपेक्षित सिकाइ उपलब्धि र सक्षमता हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीहरूको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा रहनुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, कक्षा कार्य, कक्षा कार्य सम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नका लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक मूल्याङ्कनका लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ ।यसका लागि यसका लागि कक्षा ४ र ५ को प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कन अन्तर्गत आन्तरिक मूल्याङ्कन ५०% भार र अन्तिम परीक्षा (बाह्य मूल्याङ्कन) ५०% भार समावेश गरिएको छ। आन्तरिक मूल्याङ्कनको ५०% भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रूपमा समायोजन गरिनेछ । विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाण पत्र तथा ग्रेडसिटमा दुवै मूल्याङ्कनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्नेछ ।

### (क) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छः-

| क्र.सं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १. | सहभागिता | ४ | सहभागिताअन्तर्गत दैनिक हाजिरी, कक्षा कार्य, प्रयोगात्मक कार्य, सक्रिय सहभागिता, समूह कार्यलगायतका पक्ष रहनेछन् । |
| २. | प्रयोगात्मक\परियोजना कार्य | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्ष समावेश गरी मूल्याङ्कन गर्नुपर्नेछ । |
| ३. | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकका लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाका लागि ५ अङ्कभार हुनेछ।प्रत्येक परीक्षाका लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिनेछ । |
| जम्मा | | ५० | |

### (ख) अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कअन्तर्गत अन्तिम परीक्षाको भार ५०% को हुनेछ । प्रत्येक परीक्षामा प्रश्न राख्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरी ज्ञान, बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका सक्षमताअनुरूप विद्यार्थीहरूले ज्ञान,सिप,अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसैको आधारमा अन्तिम प्रमाणीकरण गरिनेछ।अन्तिम परीक्षाको प्रश्न पत्र स्थानीय विषयको विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि\अन्तिम परीक्षा लिनुपर्नेछ ।

# अनुसूची १ : विद्यार्थी को सिकाइ उपलब्धि मुल्याकन अभिलेखीकरण फारम कक्षा (१-३)

कक्षाः १

विषय : हाम्रो लिम्चुङबुङ सेरोफेरो　　　विद्यार्थीको नाम :　　　रोल नं. :

| क्षेत्र | सिकाइ उपलब्धि | सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | | थप सहाएता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| १. हाम्रो लिम्चुङबुङ | • आफू वसेको गाउँको नाम भन्न, | आफ्नो गाउँपालिकाको नाम,आफ्नो वडाको नाम,आफू बस्ने टोलको नाम, वडा नम्बर भनेमा -४ अङ्क<br>आफ्नो गाउँपालिकाको नाम,आफ्नो वडाको नाम,आफू बस्ने टोलको नाम, वडा नम्बर मध्ये कुनै तीन कुरा बाटैमा -३ अङ्क<br>आफ्नो गाउँपालिकाको नाम,आफ्नो वडाको नाम,आफू बस्ने टोलको नाम, वडा नम्बर मध्ये कुनै दुई कुरा बताउन सकेमा -२ अङ्क<br>आफ्नो गाउँपालिकाको नाम,आफ्नो वडाको नाम,आफू बस्ने टोलको नाम, वडा नम्बर मध्ये कुनै एक कुरा बताउन सकेमा -१ अङ्क | | | | | |
| | • आफ्नो वरपरको नदी खोलाको नाम भन्न, | आफ्नो वरपरको रहेका नदी खोलामध्ये कुनै चारओटाको नाम बताउन सकेमा -४ अङ्क<br>आफ्नो वरपरको रहेका नदी खोलामध्ये कुनै तीनओटाको नाम बताउन सकेमा -३ अङ्क<br>आफ्नो वरपरको रहेका नदी खोलामध्ये कुनै दुईओटाको नाम बताउन सकेमा -२ अङ्क<br>आफ्नो वरपरको रहेका नदी खोलामध्ये कुनै एउटाको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | • आफ्नो विद्यालय आफ्नो छिमेकी विद्यालयको नाम बताउन, | आफ्नो विद्यालय र कुनै दुई छिमेकी विद्यालय को नाम बताउन सकेमा-४ अङ्क<br>आफ्नो र कुनै एक छिमेकी विद्यालय को नाम बताउन सकेमा - ३ अङ्क<br>आफ्नो विद्यालयको नाम बताउन सकेमा - २ अङ्क<br>आफ्नो विद्यालय रहेको ठाउँ बताउन सकेमा -१ अङ्क | | | | | |

| क्षेत्र | सिकाइ उपलब्धि | सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | | थप सहाएता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | • आफ्नो टोल विकास र सस्था स्वास्थ्य स्वयम्सेविकाको नाम बताउन, | आफ्नो टोल विकास सस्थाको नाम, टोल विकास सस्थाको अध्यक्ष को नाम र स्वास्थ्य स्वयम्सेविकाको नाम बताउन सकेमा - ४ अङ्क,<br>आफ्नो टोल विकास संस्थाको नाम वा टोल विकास सस्थाको अध्यक्ष को नाम र स्वास्थ्य स्वयम्सेविकाको नाम बताउन सकेमा - ३ अङ्क<br>आफ्नो टोल विकास सस्थाको नाम, टोल विकास सस्थाको वा स्वास्थ्य स्वयम्सेविकाको नाम बताउन सकेमा - २ अङ्क<br>आफ्नो टोलको स्वास्थ्य स्वयम्सेविकाको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| २. तरकारी तथा फलफूल खेती | • आफ्नो गाउँघरमा उत्पादन हुने तरकारीको नाम बताउन,<br>• आफ्नो गाउँघरमा उत्पादन हुने फलफूलको नाम भन्न | आफ्नो गाउँघरमा उत्पादन हुने कुनै चार तरकारीको नाम भनेमा - ४ अङ्क<br>आफ्नो गाउँघरमा उत्पादन हुने कुनै तीन तरकारीको नाम भनेमा - ३ अङ्क<br>आफ्नो गाउँघरमा उत्पादन हुने कुनै दुई तरकारीको नाम भनेमा - २ अङ्क<br>आफ्नो गाउँघरमा उत्पादन हुने कुनै १ तरकारीको नाम भनेमा - १ अङ्क | | | | | |
| | • आफ्नो गाउँघरमा उत्पादन हुने फलफूलको नाम भन्न | आफ्नो गाउँघरमा उत्पादन हुने कुनै चार फलफूलको नाम बताउन सकेमा -४ अङ्क<br>आफ्नो गाउँघरमा उत्पादन हुने कुनै तिन फलफूलको नाम बताउन सकेमा -३ अङ्क आफ्नो गाउँघरमा उत्पादन हुने कुनै दुई फलफूलको नाम बताउन सकेमा -२ अङ्कआफ्नो गाउघर मा उत्पादन हुने कुनै एक फलफूलको नाम बताउन सकेमा - १ अङ्क | | | | | |

| क्षेत्र | सिकाइ उपलब्धि | सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | | थप सहाएता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| ३. धर्म, भाषा, कला,संस्कृति र रीतिरिवाज | • बालबालिकाले आफूले मान्ने धर्म, बोल्ने भाषा र मनाउने चाडपर्वको को नाम बताउन, | बालबालिकाले आफूले मान्ने धर्म, बोल्ने भाषा र मनाउने कुनै चार चाडपर्व को नाम बताउन सकेमा -४ अङ्क<br>बालबालिकाले आफूले मान्ने धर्म, बोल्ने भाषा र मनाउने कुनै तीन चाडपर्वको नाम बताउन सकेमा -३ अङ्क<br>बालबालिकाले आफूले मान्ने धर्म, बोल्ने भाषा र मनाउने कुनै दुई चाडपर्वको नाम बताउन सकेमा -२<br>बालबालिकाले आफूले मान्ने धर्म, बोल्ने भाषा र मनाउने कुनै एक चाडपर्व क नाम बताउन सकेमा-१ अङ्क | | | | | |
| | • आफ्नो टोलमा वसोवास गरिरहेका जात जातिको नाम भन्न, | आफ्नो टोलमा वसोवास गरिरहेका कुनै चार जात जातिको नाम बताउन सकेमा - ४ अङ्क<br>आफ्नो टोलमा वसोवास गरिरहेका कुनै तीन जात जतिकोनाम बताउन सकेमा -३ अङ्क<br>आफ्नो टोलमा वसोवास गरिरहेका कुनै दुई जात जातिको नाम बताउन सकेमा -२ अङ्क<br>आफ्नो टोलमा वसोवास गरिरहेका कुनै एक जातजातिको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | • स्थानीय लोकबाजा र लोक गीतको नाम र उदाहरण बताउन, | कुनै तीन लोक बाजाको नाम र एक लोक गीत गएर सुनाएमा -४ अङ्क<br>कुनै दुई लोक बाजाको नाम र एक लोक गीत गाएर सुनाएमा - ३ अङ्क<br>कुनै १ लोक बाजाको नाम र एक लोक गीत गएर सुनाएमा - २ अङ्क<br>कुनै लोक बाजाको नाम वा एक लोक गीत गएर सुनाएमा - १ अङ्क | | | | | |

| क्षेत्र | सिकाइ उपलब्धि | सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | | थप सहाएता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| ४. पर्यटन पुरातात्त्विक सम्पदा | • आफ्नो गाउँटोलको घुम्न लायक ठाउँहरूको नाम बताउन | आफ्नो गाउँटोलमा घुम्न लायक कुनै चारओटा ठाउँको नाम बताएमा - ४ अङ्क<br>आफ्नो गाउँटोलमा घुम्न लायक कुनै तीनओटा ठाउँको नाम बताएमा - ३ अङ्क<br>आफ्नो गाउँटोलमा घुम्न लायक कुनै दुईओटा ठाउँको नाम बताएमा - २ अङ्क<br>आफ्नो गाउँटोलमा घुम्न लाएक कुनै एक ओटा ठाउँको नाम बताएमा - १ अङ्क | | | | | |
| | • आफ्नो समुदायमा भएका पुरातात्त्विक सम्पदाको नाम बताउन | आफ्नो गाउँघरमा भएका कुनै चार पुरातात्त्विक सम्पदाको नाम बताएमा - ४ अङ्क<br>आफ्नो गाउँघरमा भएका कुनै तीन पुरातात्त्विक सम्पदाको नाम बाताएमा - ३ अङ्क आफ्नो गाउँघरमा भएका कुनै दुई पुरातात्त्विक सम्पदाको नाम बताएमा- २ अङ्क<br>आफ्नो गाउँघरमा भएका कुनै एक पुरातात्त्विक सम्पदाको नाम बताएमा - ४ अङ्क | | | | | |
| ५. स्वास्थ्य,सरसफाइ र खेलकुद | • स्वस्थ बानीव्यक्तिगत सरसफाइबारे बताउन, | सफा सँग हात मुख धुने बानी बसाल्न सकेमा -४ अङ्क<br>नियमित हात धुने बानी बसाल्न सकेमा - ३ अङ्क<br>हात धुने तरिका बताउन सकेमा -२ अङ्क<br>दात माझ्ने बानी बसाल्न सकेमा -१ अङ्क | | | | | |
| | • साधारण पी.टी. र कवाज खेल्न | निर्देशनअनुसार पुरै काम गरेमा -४ अङ्क<br>निर्देशनअनुसार मध्यम काम गरेमा -३ अङ्क<br>निर्देशनअनुसार निम्नलिखित काम गरेमा -२ अङ्क<br>निर्देशनअनुसार सामान्य काम गरेमा - १ अङ्क | | | | | |

| क्षेत्र | सिकाइ उपलब्धि | सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | थप सहाएता पछिको मूल्याङ्कन | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|
| ६. पशुपालन र व्यवसाय | • आफ्ना घरका पालिने पशुपक्षी को नाम बताउन सक्ने छन् । | घरमा पालिने कुनै चार पशुपक्षीको नाम बताएमा-४ अङ्क<br>घरमा पालिने कुनै तीन पशुपक्षीको नाम बताएमा- अङ्क<br>घरमा पालिने कुनै दुई पशुपक्षीको नाम बताएमा-२ अङ्क<br>घरमा पालिने कुनै एक पशुपक्षीको नाम बताएमा-१ अङ्क | | | |
| | • पशुपक्षीको खानेकुरा बताउन, | पशुपक्षीले खाने कुनै चार खाने कुराको नाम बताउन सकेमा-४ अङ्क<br>पशुपक्षीले खाने कुनै तीन खाने कुराको नाम बताउन सकेमा-३ अङ्क<br>पशुपक्षीले खाने कुनै दुई खाने कुराको नाम बताउन सकेमा-२ अङ्क<br>पशुपक्षीले खाने कुनै एक खाने कुराको नाम बताउन सकेमा-१ अङ्क | | | |
| | • पशुपक्षीको उपयोगिता बताउन | पशुपालनबाट हुने कुनै तीनओटा फाइदा बताउन सकेमा -४ अङ्क<br>पशुपालनबाट हुने कुनै दुईओटा फाइदा बताउन सकेमा - ३ अङ्क<br>पशुपालनबाट हुने कुनै एउटा फाइदा बताउन सकेमा - २ अङ्क<br>पशुपालनबाट हुने फाइदा बताउन नसकेमा -१ अङ्क | | | |
| ७. स्थानीय आर्थिक क्रियाकलाप | • गाउँ टोलका व्यक्तिहरूको पेसा व्यवसाय भन्न | - गाउँ घरका व्यक्तिहरूको कुनै चार पेसाको नाम भन्न सकेमा - ४ अङ्क<br>- गाउँघरका व्यक्तिहरूको कुनै तीन पेसाको नाम भन्न सकेमा - ३ अङ्क<br>- गाउँघरका व्यक्तिहरूको कुनै दुई पेसाको नाम भन्न सकेमा - २ अङ्क<br>- गाउँ घरका व्यक्तिहरूको कुनै एक पेसाको नाम भन्न सकेमा - १ अङ्क | | | |

| क्षेत्र | सिकाइ उपलब्धि | सूचक | नियमित सिकाइ पछिको मूल्याङ्कन | | थप सहाएता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | • गाउँ घरमा उत्पादन हुने बालीको नाम बताउन, | - गाउँघरमा उत्पादन हुने कुनै चार बालीको नाम बताउन सकेमा - ४ अङ्क<br>- गाउँघरमा उत्पादन हुने कुनै तीन बालीको नाम बताउन सकेमा - ३ अङ्क<br>- गाउँ घर मा उत्पादन हुने कुनै दुई बालीको नाम बताउन सकेमा - २ अङ्क<br>- गाउँ घरमा उत्पादन हुने कुनै एक बालीको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | • गाउँघरमा उत्पादन हुने पशुको नाम र किनबेच हुने ठाउँबारे बताउन, | - गाउँघरमा उत्पादन हुने कुनै चार पशुको नाम र कुनै एक बिक्री हुने ठाउँ बताएमा - ४ अङ्क<br>- गाउँघरमा उत्पादन हुने कुनै तीन पशुको नाम र कुनै एक बिक्री हुने ठाउँ बताएमा - ३ अङ्क<br>- गाउँघरमा उत्पादन हुने कुनै दुई पशुको नाम र कुनै एक बिक्री हुने ठाउँ बताएमा - २ अङ्क<br>- गाउँघरमा उत्पादन हुने कुनै एक पशुको नाम र कुनै एक बिक्री हुने ठाउँ बताएमा - १ अङ्क | | | | | |

कक्षा : २

विषय : हाम्रो लिम्चुङबुङ सेरोफेरो विद्यार्थीको नाम : रोल नं. :

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| १. हाम्रो लिम्चुङबुङ | • आफू बसेको वडा र वडा कार्यालयको नाम बताउन. | - आफू बसेको वडा र वडा कार्यालयको नाम बताउन सकेमा - ४ अङ्क<br>- आफू बसेको वडा र साथीको गाउँको नाम बताउन सकेमा - ३ अङ्क<br>- आफू बसेको वडाको नाम र छिमेकी टोलको नाम बताउन सकेमा - २ अङ्क<br>- आफू बसेको वडाको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | • गाउँपालिका नाम,कार्यालय रहेको स्थान र उदयपुर जिल्लाको नक्सामा गाउँपालिका पत्ता लगाउन, | - गाउँपालिकाको नाम, कार्यालय रहेको स्थान र उदयपुर जिल्लाको नक्सामा गाउँपालिका पत्ता लगाएमा - ४ अङ्क<br>- गाउँपालिकाको नाम कार्यालय रहेको स्थान बताउन सकेमा - ३ अङ्क<br>- गाउँपालिकाको नाम र वडाहरूको नाम बताउन सकेमा - २ अङ्क<br>- गाउँपालिकाको नाम मात्र बताउन सकेमा - १ अङ्क | | | | | |
| | • आफू बसेको वडाभित्र का गाउँको नाम भन्न र आफ्नो टोल विकास सस्था प्रमुखको नाम बताउन, | - आफू बसेको वडाभित्रका गाउँको नाम भन्न र आफ्नो टोला विकास सस्था प्रमुखको नाम भन्न सकेमा - ४ अङ्क<br>- आफू बसेको वडाभित्र को गाउँको नाम भन्न सकेमा - ३ अङ्क<br>- आफू बसेको गाउँको नाम र टोल विकास संस्थाको नाम बताउन सकेमा - २ अङ्क<br>- आफ्नो वडा र गाउँको नाम बताउन सकेमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| २ तरकारी तथा फलफूल खेती | • वर्षभरी उत्पादन हुने तरकारी, फलफूलको नाम भन्न साथै बिरुवा र बेर्नासार्ने तरिका बताउन, | -वर्षभरिमा उत्पादन हुने तरकारी फलफूलको नाम भन्न साथै बिरुवा र बेर्ना सार्ने तरिका बताएमा- ४ अङ्क<br>-वर्ष भरी उत्पादन हुने तरकारी फलफूलको नाम बताएमा - ३ अङ्क<br>- वर्षभरिमा उत्पादन हुने तरकारीको नाम भन्ने साथै बिरुवा रोप्न तरिका बताएमा - २ अङ्क<br>- वर्षभरिमा उत्पादन हुने फलफूलको नाम बताएमा-१ अङ्क | | | | | |
| | • गाउँपालिकाले फलफूलमा गरेको योगदान भन्न र उत्पादित उपजको सदुपयोगबारे बताउन. | - गाउँपालिकाको लगानी र उपजको सदुपयोग बताएमा - ४ अङ्क<br>- गाउँपालिकाको लगानी बताएमा- ३ अङ्क<br>- गाउँपालिकामा उत्पादित कृषी फारम हरू को नाम बताएमा - २ अङ्क<br>- गाउँपालिकाको तरकारी खेतीबारे बताएमा-१ अङ्क | | | | | |
| ३ भाषा,धर्म, कला, संस्कृति र परम्परागत रीतिरिवाज | • आफ्नो गाँउ टोलभित्र मानिने धर्म तथा बोलिने भाषाको नाम बताउन | आफ्नो गाउँ टोलभित्र मानिने धर्म तथा बोलिने भाषा को नाम बाताएमा - ४ अङ्क<br>-आफ्नो गाउँ टोलभित्र मानिने धर्मको नाम बताएमा - ३ अङ्क<br>- आफ्नो गाउँ टोलमा बोलिने भाषा को नाम बताएमा -२ अङ्क<br>-आफूले बोल्ने भाषा बताएमा-१ अङ्क | | | | | |
| | • स्थानीय जातजातिको थर र चाडपर्व बताउन | -स्थानीय जातजातिको थर र चाडपर्व बताएमा - ४ अङ्क<br>- स्थानीय जातजातिको थर बताएमा - ३ अङ्क<br>- आफ्नो थर बताएमा-२ अङ्क<br>- स्थानीय चाडको नाम बताएमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| | • स्थानीय लोकगित र गाउँघरमा पाइने लोक बाजाको नाम भन्न | - स्थानीय लोक गीत गाउँन  र लोक बाजाको नाम बताउन सकेमा - ४ अङ्क<br>- स्थानीय लोक गीत गाएमा -३ अङ्क<br>- स्थानीय लोक गीत र बाजाको नाम भनेमा - २ अङ्क<br>- स्थानीय लोक बाजाको नाम भनेमा -१ अङ्क | | | | | |
| ४ पर्यटन र पुरातात्विक सम्पदा | • गाउँपालिकाभित्र रहेका प्राकृतिक सम्पदाहरूको नाम बताउन,<br>• गाउँ पालिकाभित्र रहेका सास्कृतिक सम्पदाको नाम बताउन, | - पर्यटनको अर्थ र प्राकृतिक र संस्कृतिक सम्पदाको ४-चारओटा उदाहरण दिन सकेमा - ४ अङ्क<br>- प्राकृतिक र संस्कृतिक सम्पदाको ३-३ ओटा उदाहरण दिन सकेमा - ३ अङ्क<br>-प्राकृतिक र संस्कृतिक सम्पदाको २-२ ओटा उदाहरण दिन सकेमा - २ अङ्क<br>- प्राकृतिक र संस्कृतिक सम्पदाको १-१ ओटा उदाहरण दिन सकेमा - | | | | | |
| ५ स्वास्थ्य सरसफाइ र खेलकुद | • स्वस्थ आचरण तथा खानेकुरा बताउन | - चारओटा स्वस्थ बानी तथा ताजा खानाबारे बताएमा-४ अङ्क<br>-तीनओटा स्वस्थ बानी तथा ताजा खानाबारे बताएमा-३ अङ्क<br>- दुईओटा स्वस्थ बानी तथा ताजा खानाबारे बताएमा-२ अङ्क<br>- स्वस्थ बानी र ताजा खानाको अर्थ बताएमा - १ अङ्क | | | | | |
| | • अस्वस्थ्य हुने कारण बताउन र सामान्य कसरत गर्न | - अस्वस्थ हुने कारण बताउदै सामान्य कसरत गर्न सकेमा - ४ अङ्क<br>- अस्वस्थ हुने कुनै तीन कारण बताएमा - ३ अङ्क<br>- अवस्था हुने कुनै दूई कारण बताएमा - २ अङ्क<br>- निर्देसनअनुसार शारीरिक कसरत गरेमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| | • स्थानीय खेलको नाम बताउन | - स्थानीय कुनै चार खेलको नाम बताउन सकेमा - ४ अङ्क<br>- स्थानीय कुनै तीन खेलको नाम बताउन सकेमा - ३ अङ्क<br>- स्थानीय कुनै दुई खेलको नाम बताउन सकेमा - २ अङ्क<br>- कुनै एक स्थानीय खेल को नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| ६ पशुपालन र व्यवसाय | • घरमा रहेका पशुपक्षी र तिनीहरूको आहार बताउन | - घरमा रहेका पशुपक्षी र तिनीहरूको आहार बताउन सकेमा - ४ अङ्क<br>- घरमा रहेका कुनै तीन पशुपक्षीको नाम बताएमा-३ अङ्क<br>- घरमा रहेका कुनै दूई पशुपक्षीको नाम बताएमा -२ अङ्क<br>- केही पशुपक्षी को आहारा बताउन सकेमा - १ अङ्क | | | | | |
| | • घाँस का प्रकार र डाले घाँस का बारेमा बताउन, | - घाँसका प्रकार र डाले घासबारे बताएमा-४ अङ्क<br>- भुइँ घाँस र डाले घाँस को उदाहरण दिन सकेमा - ३ अङ्क<br>- भुँइ घाँसका प्रकार बताएमा-२ अङ्क<br>- डाले घाँसको नाम बताएमा-१ अङ्क | | | | | |
| | • वडा कृषी शाखा रहेको ठाउँ र प्राविधिकको नाम बताउन | - वडा कृषि शाखा रहेको ठाउँ र प्राविधिक को नाम बताएमा -४ अङ्क<br>- कृषि शाखा रहेको ठाउँ र प्रदान गरिने सेवा बताएमा-३ अङ्क<br>- वडा कृषि प्राविधिक को नाम बताउन सकेमा - २ अङ्क<br>- वडाका कुनै व्यावसायिक कृषि फारम संचालक को नाम बताउन सकेमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| ७ स्थानीय आर्थिक क्रियाकलाप | • गाउँका मानिसको पेसा तथा उत्पादित कृषि उपज | - गाउनका मानिसको पेसा तथा उत्पादित कृषि उपज बताउन सकेमा - ४ अङ्क<br>- गाउका मानिसको पेसा तथा कृषि उपज को नाम बताउन सकेमा - ३ अङ्क<br>- गाउँका मानिसहरूले अपनाएका कुनै दुई पेसा बताएमा - २ अङ्क<br>- आफ्नो घर परिवारका सदस्यको पेसा बताउन सकेमा - १ अङ्क | | | | | |
| | • हस्तकला तथा कृषि उपज किनमेल खरिद बिक्री गरिने ठाउँ बताउन, | - हस्तकला तथा कृषि उपज किनमेल खरिद बिक्रीबारे बताउन सकेमा - ४ अङ्क<br>- हस्तकला सामग्री को नाम र खरिद गर्ने ठाउँ बताउन सकेमा - ३ अङ्क<br>- कृषि उपज सामग्री बिक्री गर्ने ठाउँ बताउन सकेमा - २ अङ्क<br>- कुनै दुई कृषि उपजको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | | सिकाइ उपलब्धि प्रतिशत : | सिकाइ उपलब्धिअङ्कको जोड : | | | | |

अभिभावकको हस्ताक्षर :
शिक्षकको हस्ताक्षर :
मिति :

## अनुसूची १ : विद्यार्थी को सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेखीकरण फारम कक्षा (१-३)

कक्षा : ३

विषय : हाम्रो लिम्चुङबुङ सेरोफेरो　　　विद्यार्थीको नाम :　　　रोल नं. :

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| १ हामो लिम्चुङबुङ | • लिम्चुङबुङ गाउँलिकाको वडा हरूको नाम बताउन र प्रदेश को नक्सामा लिम्चुङबुङ गाउँपालिका पत्ता लगाउन | - लिम्चुङबुङ गाउँलिकाभित्रका वडाहरूको नाम बताउन र नक्सामा गाउँ पालिका पत्ता लगाएमा - ४ अङ्क<br>- गाउँ पालिकाभित्रका वडा हरूको नाम बताएमा-३ अङ्क<br>- गाउँभित्रका कुनै तीन वडा हरूको नाम बताएमा-२ अङ्क<br>- आफ्नो वडाको नाम बताएमा - १ अङ्क | | | | | |
| | • आफ्ना वडा अध्यक्षको नाम र सामुदायिक वनको नाम बताउन | -आफ्नो वडा अध्यक्षको नाम र कम्तीमा चारओटा सामुदायिक वनको नाम बताउन सकेमा - ४ अङ्क<br>- आफ्नो वडा अध्यक्षको नाम र कम्तीमा तीन ओटा सामुदायिक वनको नाम बताउन सकेमा - ३ अङ्क<br>- आफ्नो वडा अध्यक्षको नाम र कम्तीमा दुईओटा सामुदायिक वनको नाम बताउन सकेमा - २ अङ्क<br>- आफ्नो वडा अध्यक्षको नाम र कम्तीमा एउटा सामुदायिक वनको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | • स्वास्थ्य चौकी रहेको स्थान बताउन, | - स्वास्थ्य चौकी रहेको स्थान र कुनै एक स्वास्थ्य कर्मी को नाम बताउन सकेमा - ४ अङ्क<br>- स्वास्थ्य चौकी को नाम र स्थान बताएमा - ३ अङ्क<br>- स्वास्थ्यचौकी रहेको स्थान बताएमा - २ अङ्क<br>- स्वास्थ्य चौकी को नाम बताएमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| २ तरकारी र फलफूल खेती | • आफ्नो गाउँघरमा पाइने बाली,तरकारी, फलफूलको नाम बताउन, | - आफ्नो गाउँघरमा पाइने बाली, फलफूल र तरकारी चार-चारओटा को नाम बताउन सकेमा - ४ अङ्क<br>- आफ्नो गाउँ घरमा पाइने बाली, फलफूल र तरकारी तीन-तीनओटा को नाम बताउन सकेमा - ३ अङ्क<br>- आफ्नो गाउँ घरमा पाइने बाली, फलफूल र तरकारी दुई-दुईओटा को नाम बताउन सकेमा - २ अङ्क<br>- आफ्नो गाउँघरमा पाइने बाली, फलफूल र तरकारी एक-एक ओटाको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | • बाली लगाउने, बिउ छर्ने,बेर्ना सार्ने उपयुक्त | - बाली लगाउने, तरकारीको बिउ छर्ने,फलफूलको बेर्ना सार्ने उपयुक्त समय बताएमा - ४ अङ्क<br>- बाली लगाउने, तरकारीको बिउ छर्ने समय बताएमा - ३ अङ्क<br>- बाली लगाउने र बेर्नाका बारेमा बताएमा - २ अङ्क<br>- बाली लगाउने उपयुक्त समय बताएमा - १ अङ्क | | | | | |
| | • तरकारी र फलफूल बिक्री केन्द्र वा प्रक्रिया बताउन, | - तरकारी र फलफूल बिक्री केन्द्र वा प्रक्रिया बताउन सकेमा - ४ अङ्क<br>- तरकारी र फलफूल बिक्री केन्द्र बताएमा - ३ अङ्क<br>- गाउँघरमा उत्पादन भएको बाली सदुपयोग बताएमा - १ अङ्क | | | | | |
| ३ गाउँपालिकाको भाषा, धर्म, कला, संस्कृति, परम्परागत रीतिरिवाज | • वडाभित्रका प्रचलित भाषा,धर्मसहित गाउँमा बसोवास गर्ने जातजातिको थर बताउन, | - वडाभित्र का प्रचलित भाषा, धर्म सहित गाउँमा बसोवास गर्ने जात जातिको थर बताएमा - ४ अङ्क<br>- वडाभित्रका प्रचलित भाषा,धर्म र जातजातिको नाम बताएमा - ३ अङ्क<br>- वडाभित्र का प्रचलित भाषा,धर्म,को नाम बताएमा -२ अङ्क<br>- वडाभित्रका प्रचलित भाषाको नाम बताएमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| | • स्थानीय चाडपर्वको नामसँगै स्थानीय लोक गीत, लोक नृत्य पहिचान गर्ने र लोक गीत गाउन सक्ने, | - स्थानीय चाडपर्व को नाम सँगै स्थानीय लोक गीत, लोक नृत्य पहिचान गर्ने र लोक गीत गाउन सकेमा - ४ अङ्क<br>- स्थानीय चाडपर्व सँगै स्थानीय लोक गीत, लोक नृत्य पहिचान गर्न सकेमा - ३ अङ्क<br>- स्थानीय चाडपर्वको नामसँगै स्थानीय लोक गीतको पहिचान गर्न सकेमा - २ अङ्क<br>- स्थानीय चाडपर्व को नाम बताएमा - १ अङ्क | | | | | |
| ४ पर्यटन र पुरातात्त्विक सम्पदा | • गाउँपालिकामा रहेको पर्यटकीय स्थलहरूको नाम बताउन, | - गाउँपालिकामा रहेको पर्यटकीय स्थलहरूको नाम बताएमा - ४ अङ्क<br>- गाउँपालिकामा रहेका कुनै तीन पर्यटकीय स्थलहरूको नाम बताएमा - ३ अङ्क<br>- गाउँपालिकामा रहेको कुनै दुई पर्यटकीय स्थलहरूको नाम बताउन सकेमा - २ अङ्क<br>- गाउँपालिकामा रहेको कुनै एक पर्यटकीय स्थलको नाम बताउन सकेमा - १ अङ्क | | | | | |
| | • धार्मिक स्थलहरू र पुरातात्त्विक सम्पदाहरूको नाम बताउन | - धार्मिक स्थलहरू र पुरातात्त्विक सम्पदाहरूको नाम बताउन सकेमा - ४ अङ्क<br>- धार्मिक स्थलहरू र पुरातात्त्विक सम्पदाहरूको कम्तीमा तीनओटाको नाम बताउन सकेमा - ३ अङ्क<br>- धार्मिक स्थलहरू र पुरातात्त्विक सम्पदाहरूको कम्तीमा दुईको नाम बताउन सकेमा - २ अङ्क<br>- धार्मिक स्थलहरू र पुरातात्त्विक सम्पदाहरूको कुनै एकको नाम बताउन सकेमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| ५ स्वास्थ्य सरसफाइ र खेलकुद | • स्वास्थ्य आचरण र स्वस्थ भोजनका बारेबताउन | - स्वस्थ आचरण र स्वस्थ भोजनबारे बताएमा - ४ अङ्क<br>- तीनओटा स्वस्थ आचरण र स्वस्थ भोजनबारे बताएमा - ३ अङ्क<br>- दुईओटा स्वस्थ आचरण र स्वस्थ भोजनबारे बताएमा - २ अङ्क<br>- एउटा स्वस्थ आचरण र स्वस्थ भोजनबारे बताएमा - १ अङ्क | | | | | |
| | • स्थानीय खेल र तिनीहरूको नियम बताउन | - स्थानीय खेल र तिनीहरूको नियम बताएमा - ४ अङ्क<br>- कुनै तीन स्थानीय खेल र तिनीहरूको नियम बताएमा - ३ अङ्क<br>- कुनै दुई स्थानीय खेल र तिनीहरूको नियम बताएमा - २ अङ्क<br>- कुनै एक स्थानीय खेल र तिनीहरूको नियम बताएमा - १ अङ्क | | | | | |
| ६पशुपालन र व्यवसाय | • घरमा पालिने पशुचौपायाको नाम र तिनको फाइदाहरूबताउन | - घरमा पालिने पशुचौपायाको नाम र तिनको फाइदाहरू बताएमा - ४ अङ्क<br>- घरमा पालिने पशुचौपायाको नाम र कुनै दुई फाइदाहरू बताएमा - ३ अङ्क<br>- घरमा पालिने पशुचौपायाको नाम र कुनै एक फाइदा बताएमा - २ अङ्क<br>- घरमा पालिने पशु चौपायाको नाम बताउन सकेमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| | • पशुपालनलाई चाहिने आहार र वडाका पशु प्राविधिकहरूको नाम बताउन | - पशुपालन लाई चाहिने आहारहरू र वडाका पशु प्राविधिकको नाम बतएमा - ४ अङ्क<br>- पशुचौपाया लाई चाहिने आहारको नाम बताएमा - ३ अङ्क<br>- पशुपालनलाई चाहिने सुक्खा आहारको नाम बताएमा - २ अङ्क<br>- आफ्नो वडाको पशु प्राविधिकको नाम बताएमा - १ अङ्क | | | | | |
| ७ स्थानीय आर्थिक क्रियाकलाप | • हस्तकलाबाट बनेका समानको नाम र आफ्ना गाउँमा अपनाइने पेसाको नाम बताउन, | - गाउँघरमा हस्तकलाबाट बनेका सामान र अपनाइने पेसा बताएमा - ४ अङ्क<br>- गाउँघरमा अपनाइने पेसा र कुनै तीन हस्तकलाका सामानहरूको नाम बताएमा - ३ अङ्क<br>- गाउँघरमा अपनाइने पेसा र कुनै दुई हस्तकलाका सामानहरूको नाम बताएमा - २ अङ्क<br>- आफ्ना घरमा बनेका हस्तकलाका सामान बताएमा - १ अङ्क | | | | | |
| | • स्थानीय उत्पादित अन्न बालीको महत्त्वबताउन | - स्थानीय उत्पादित अन्न बालीको नाम र कुनै तीन महत्त्वबताउन सकेमा - ४ अङ्क<br>- स्थानीय उत्पादित अन्न बालीको नाम र कुनै दुई महत्त्वबताउन सकेमा - ३ अङ्क<br>- स्थानीय उत्पादित अन्न बालीको नाम र कुनै एक महत्त्वबताउन सकेमा - २ अङ्क<br>- गाउँघरमा उत्पादित अन्नबालीको नाम बताउन सकेमा - १ अङ्क | | | | | |

| क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | | प्रयोग गरिएको मूल्याङ्कनको साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | उपलब्धि | मिति | उपलब्धि | |
| | • गाउँ घरमा रहेका कृषि फारम तथा कृषि उपजहरूको खरिद बिक्री प्रक्रिया बताउन | - गाउँ घरमा रहेका कृषि फारम तथा कृषि उपजहरूको खरिद बिक्री प्रक्रिया बताएमा - ४ अङ्क<br>- गाउँ घरमा रहेको कुनै एक कृषि फारम तथा खरिद बिक्री प्रक्रिया बताएमा - ३ अङ्क<br>- गाउँ घरमा रहेका खरिद बिक्री प्रक्रिया बताएमा - २ अङ्क<br>- गाउँघरमा रहेका कुनै तरकारी फारम वा सञ्चालन प्रक्रिया बताएमा - १ अङ्क | | | | | |
| अभिभावकको हस्ताक्षर :<br>शिक्षकको हस्ताक्षर :<br>मिति : | | सिकाइ उपलब्धि प्रतिशत : | सिकाइ उपलब्धिको अङ्कको जोड : | | | | |

## अनुसूची ३ : विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेखीकरण फारम कक्षा (१-३)
### विषय तथा पाठ्यभर निर्धारण

विषय :- लिम्चुङबुङको सेरोफेरो

साप्ताहिक पाठ्य घण्टा :- ५ (कक्षा १-३) वार्षिक कार्यघण्टा :- १६०

साप्ताहिक पाठ्य घण्टा :- ४ (कक्षा ४-५) वार्षिक कार्यघण्टा :- १२८

| क्र.सं. | क्षेत्र | कक्षा | पा.घ. | कक्षा | पा.घ. | कक्षा | पा.घ. | कक्षा | पा.घ. | कक्षा | पा.घ. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो लिम्चुङबुङ | १ | २२ | २ | २२ | ३ | २२ | ४ | १५ | ५ | १५ |
| २ | तरकारी तथा फलफूल खेती | १ | २२ | २ | २२ | ३ | २२ | ४ | ३९ | ५ | ३९ |
| ३ | भाषा, धर्म,कला,संस्कृति र परम्परागत रीतिरिवाज | १ | २३ | २ | २३ | ३ | २३ | ४ | १५ | ५ | १५ |
| ४ | पर्यटन र पुरातात्विक सम्पदा | १ | २४ | २ | २४ | ३ | २४ | ४ | १५ | ५ | १५ |
| ५ | स्वास्थ्य, सरसफाइ र खेलकुद | १ | २२ | २ | २२ | ३ | २२ | ४ | १५ | ५ | १५ |
| ६ | पशुपालन तथा व्यवसाय | १ | २३ | २ | २३ | ३ | २३ | ४ | १४ | ५ | १४ |
| ७. | स्थानीय आर्थिक क्रियाकलाप | १ | २४ | २ | २४ | ३ | २४ | ४ | १५ | ५ | १५ |
| जम्मा | | १ | १६० | २ | १६० | ३ | १६० | ४ | १२८ | ५ | १२८ |

## अनुसूची ३ : विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेखीकरण फाराम कक्षा (१-३)
### विशिष्टीकरण तालिका

कक्षा : ४/५
पुर्णाङ्क : ५०

विषय : लिम्चुङबुङको सेरोफेरो
समय : १ घण्टा ३० मिनेट

### प्रश्न योजना तथा अङ्कभार वितरण

| एकाइ | क्षेत्र/एकाइ | पाठ्य घण्टा | अङ्क भार | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्क भार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो लिम्चुङबुङ | १५ | १० | १ | १ | | १ | १ | | | | | | | १ | २ | २ | १ | २ | ४ | ४ | १० |
| २ | तरकारी तथा फलफूल खेती | ३९ | ४ | १ | | | १ | | | | १ | | | | | २ | १ | | २ | २ | | ४ |
| ३ | भाषा, धर्म,कला,संस्कृति र परम्परागत रीतिरिवाज | १५ | १२ | १ | १ | | १ | १ | | | १ | | | | १ | २ | ३ | १ | २ | ६ | ४ | १२ |
| ४ | पर्यटन र पुरातात्त्विक सम्पदा | १५ | ५ | | १ | | १ | | | | १ | | | | | १ | २ | | १ | ४ | | ५ |
| ५ | स्वास्थ्य, सरसफाइ र खेलकुद | १५ | ५ | | १ | | १ | | | | १ | | | | | १ | २ | | १ | ४ | | ५ |
| ६ | पशुपालन तथा व्यवसाय | १४ | ५ | १ | | | | | | | | १ | | | | १ | | १ | १ | | ४ | ५ |
| ७ | स्थानीय आर्थिक क्रियाकलाप | १५ | ९ | १ | | १ | | | | | | | | | १ | १ | | २ | १ | | ८ | ९ |
| | | १२८ | ५० | ५ | ४ | १ | ५ | २ | | | ४ | १ | | | ३ | १० | १० | ५ | १० | २० | २० | ५० |